म.जि.प्र.का.द.नं. : १०६/०६८, वर्ष १५ अंक १७० बुधबार, २१ माघ २०८२ ने. सं. ११४६ सिल्लागा 4 February 2026 www.sajhakuranews.com पृष्ठ संख्या ४ मूल्यः रु. ३/-

मकवानपुरबाट प्रकाशित लोकप्रिय 'क' वर्गको पत्रिका

साझाकुरा

# साझाकुरा राष्ट्रिय दैनिक

www.sajhakuranews.com

काठमाडौं टप टेलर्स
अब टीसीएन रोडमा...
विगत लामो समयदेखि मेनरोड बुद्धचोकमा रहेर तपाईंको सेवामा समर्पित काठमाडौं टप टेलर्स अब हेटौंडा-१० सीमा चोकबाट टीसीएन रोडतर्फ दुईसय मिटर पश्चिम दायाँतर्फ बर्जर पेन्टको डिलरसँगै सरेको जानकारी गराउँदछौं ।
प्रो. विष्णुलाल महर्जन
९८४५०२२६५५

# तीनै तहले निर्माण गरेका कानूनबीच एकरुपता देखिएनः संसदीय समिति

## प्रदेशहरु संघ सरकारकै भरपर्नु पर्ने अवस्था छः नेता सिटौला

साझाकुरा संवाददाता

हेटौंडा, २० माघ/संघ, प्रदेश र स्थानीय सरकारले निर्माण गरेका कानूनबीच एकरुपता नदेखिएको राष्ट्रियसभाको विधायन व्यवस्थापन समितिले निष्कर्ष निकालेको छ ।

मंगलवार सिंहदरबारमा बसेको समितिको बैठकले यस्तो निष्कर्ष निकालेको हो । समितिले यसअघि सुदूरपश्चिम र वागमती प्रदेश तथा त्यहाँका स्थानीय तहमा कानून निर्माण र कार्यान्वयनबारे अध्ययन गरेको थियो । प्रदेश र स्थानीय तहमा कानून निर्माणको अवस्थासम्बन्धी अध्ययन प्रतिवेदनको मस्यौदामाथिको छलफलमा यस्तो निष्कर्ष निस्केको समिति सभापति तुलसाकुमारी दाहालले बताइन् । उनले अध्ययनका क्रममा प्रदेश तथा स्थानीय तहमा कानून निर्माणको प्रक्रिया, एकलअधिकार सूचीअन्तर्गतका विषयवस्तु, प्रदेशसभा, गाउँसभा र नगरसभाले विधेयक पारित गर्ने प्रक्रियाबारे अध्ययन गरिएको उल्लेख गरिन् ।



उनका अनुसार अध्ययनका क्रममा केही स्थानीय तहले नमूनाकारुपमा कानून निर्माण गरेको पाइए पनि कतिपय आवश्यक कानून अझै निर्माण हुन बाँकी रहेको देखिएको छ । उनले संघ र प्रदेश सरकारले निर्माण गरेका कानूनबीच एकरुपता नदेखिएको भन्दै प्रतिवेदनलाई पूर्णता दिएर राष्ट्रिय सभामा बहसको माग गर्ने बताइन् । 'प्रदेश तथा स्थानीय तहमा कानून निर्माणको प्रक्रिया के भइरहेको छ ? एकलअधिकार सूचिका विषयवस्तु, प्रक्रियागत कुराहरु प्रदेशसभा, गाउँसभा र नगरसभाले कसरी पारित गऱ्यो, प्रदेशसभाले विधेयक निर्माण कसरी गर्नुभयो ? भनेर हामीले अनुभवको आदानप्रदान पनि गऱ्यौं । यो कार्य हामीले सुदूरपश्चिम प्रदेश तथा त्यहाँका तीनवटा पालिकामा र बागमती प्रदेशको साथै दुईवटा पालिकामा हामीले यो काम गऱ्यौं ।'

उनले भनिन् 'आजको समितिको बैठकमा त्यही अध्ययन प्रतिवेदनको मस्यौदा प्रतिवेदनमाथि छलफल गऱ्यौं । माननीय सदस्यहरुले प्रतिवेदन निर्माणको लागि सुझावहरु दिनुभएको छ । उहाँहरुको सुझावसहित प्रतिवेदनलाई पूर्णता दिएर राष्ट्रियसभामा छलफलको माग गर्ने हाम्रो तयारी छ । तीन तहको सरकारबीचको अन्तरसम्बन्ध कानून निर्माणको प्रक्रियामा के भइरहेको छ ? उनीहरुले कसरी कानून निर्माण गरिरहेका छन् ? हाम्रो अध्ययनबाट नमूनाको रुपमा कानून निर्माण गरेको देखियो । कतिपय कानूनहरु बन्न बाँकी रहेको तथा बनेका कानूनमा संघ र प्रदेश सरकारले निर्माण गरेका कानूनबीच एकरुपता देखिएन । स्थानीय तहमा कानून निर्माण गर्न कानूनी अधिकृतको दर बन्दी नै सिर्जना गरेर जानुपर्ने अवस्था छ । संघ सरकारले आवश्यक कानून निर्माण नगर्दा प्रदेश र स्थानीय तहलाई काम गर्न गाह्रो भएको अवस्था छ' उनले बताइन् ।

सभापति दाहालले स्थानीय तहमा कानून निर्माणलाई प्रभावकारी बनाउन कानूनी अधिकृतको दरबन्दी सिर्जना गर्नुपर्ने आवश्यकता औंल्याइन् ।

### आफ्नो अधिकार बमोजिम कानुन निर्माण गर्ने क्षमता राख्नै सकेनः *सिटौला*

नेपाली काँग्रेसका सांसद कृष्णप्रसाद सिटौलाले प्रदेश सरकारहरुले आफ्नो अधिकार अनुसार कानून निर्माण गर्ने र त्यसलाई कार्यान्वयन गर्ने क्षमता देखाउन नसकेको बताए ।

मंगलवार सिंहदरबारमा बसेको राष्ट्रियसभाको विधायन व्यवस्थापन समितिको बैठकमा उनले यस्तो बताएका हुन् । प्रदेश सरकार संघ सरकारकै भरपर्ने प्रवृत्तिको कारण संविधानले दिएको एकलअधिकारको प्रयोग गर्न नसकेको सिटौलाको भनाइ छ । उनले संघीय सरकारले संघीयताको मर्म र भावनाअनुसार काम गर्न नसकेको बताए । उनले साझा अधिकारको प्रयोगमा समस्या देखिनु स्वभाविकै भएपनि एकलअधिकारको प्रयोगमा समेत प्रदेश सरकारले अपेक्षित क्षमता देखाउन नसक्नु दुःखद् भएको बताए ।

'संघीयताको मर्म र भावनाबमोजिम विगतमा संघीय सरकारले काम गर्न सकेन । जुनसुकै सरकार भएपनि त्यसअनुरुप काम गर्न सकेन । मूल समस्या यही हो । प्रदेश सरकार समेत केन्द्रकै भरपर्ने भएका छन् । बरु स्थानीय तहले केही गर्न खोजेको देखियो । संघीयता मर्मबमोजिम प्रदेश सरकारले पनि अफ्नो अधिकार प्रयोग गर्नै सकेनन् । आफ्नो अधिकारबमोजिम कानून बनाउने र त्यसलाई लागू गर्ने क्षमता उनीहरुले राख्नै सकेनन् भन्ने मलाई लाग्छ । संविधानले अनुसूचीमा जति अधिकारको बाँडफाँड गरेको छ । साझा अधिकारको सन्दर्भमा एक्लै जान नसक्दा समस्या भएपनि एकल अधिकार प्रयोग गर्न प्रदेश सरकारले आफ्नो क्षमता प्रकट गरेको भए हुन्थ्यो । स्थानीय तहलाई कानून निर्माण गर्नको लागि माथिबाट एउटा निर्देशन नै चाहिन्छ' नेता सिटौलाले बताए ।

स्थानीय तहहरुले केही काम गर्न खोजेको देखिए पनि कानून निर्माणका लागि अझै पनि केन्द्रबाट निर्देशन दिनुपर्ने अवस्थाको अन्त्य नभएको सिटौलाको भनाइ छ ।

# भारतमा दूधको मूल्य बढेपछि मकवानपुरका किसानले पाए बजार



साझाकुरा संवाददाता

हेटौंडा, २० माघ/ भारतमा दूधको मूल्य बढेपछि मकवानपुरका दुग्ध उत्पादक किसानले आफ्नो उत्पादनको बजार पाएका छन् ।

विगतमा भारतीय दूध नेपालीभन्दा सस्तो हुँदा ठूलो परिमाणमा भारतबाट अवैधरुपमा मकवानपुरमा दूध भित्रिने गरेकाले स्थानीय किसानले उत्पादन बिक्री गर्न कठिनाइ भोग्दै आएका थिए । तर, यसवर्ष भारतमा दूधको मूल्य नेपाली दूधसरह पुगेपछि अवस्था उल्टिएको छ । अघिल्ला वर्षमा यही मौसममा भारतबाट अवैधरुपमा दूध भित्रिँदा मकवानपुरसहित बागमती प्रदेशका किसानले उत्पादन खपत गर्न नसकेर प्रशोधन उद्योगमा पठाउन बाध्य हुन्थे । कतिपय अवस्थामा दूध बिक्री नभएपछि 'मिल्क होलिडे' गर्नुपरेको थियो । तर, यस वर्ष भारतमा दूधको मूल्य बढेपछि भारतीय दूध नेपाल भित्रिन बन्द भएको छ ।

सीमावर्ती क्षेत्रबाट नेपाली दूध लुकिछिपी भारततर्फ जान थालेको छ । यसले मकवानपुरका किसानलाई प्रत्यक्ष लाभ पुगेको छ । केन्द्रीय दुग्ध सहकारी संघका अध्यक्ष अम्बरबहादुर कुँवरका अनुसार हाल भारतमा दूधको मूल्य नेपालको भन्दा करिब ४६ पैसा मात्र बढी छ । 'ढुवानी खर्च जोड्दा भारतीय दूध नेपालमा महँगो पर्छ, त्यसैले यसवर्ष भारतबाट दूध आएको छैन । बरु यहाँको दूध सीमाबाट भारततर्फ गएको सूचना आएको छ,' उनले भने । उनका अनुसार समयमै भुक्तानी नपाउँदा केही किसानले पशुपालनप्रति रुचि घटाएकाले उत्पादनमा भने सामान्य गिरावट आएको छ ।

यकिन तथ्यांक नभए पनि हाल दैनिक करिब ४५ लाख लिटर दूध उत्पादन भइरहेको र यो गतवर्षको तुलनामा करिब एक लाख लिटरले कम भएको अनुमान छ । चितवन जिल्ला दुग्ध उत्पादक सहकारी संघका अध्यक्ष किशोर बगाले भारततर्फबाट दूध नआएकै कारण मकवानपुर र आसपासका जिल्लामा उत्पादित दूधले सहजरुपमा बजार पाएको बताए । 'मङ्सिर, पुस र माघमा दूधको खपत घट्ने भएकाले व्यवस्थापन जटिल हुन्छ । तर, भारतबाट दूध नआउँदा यसवर्ष हामीलाई राहत भएको छ,' उनले भने । विगतका वर्षमा मिल्क होलिडेसम्म गर्नुपरेको स्मरण गर्दै उनले अहिले उत्पादन भएको दूध सहजै खपत भइरहेको बताए ।

दूध बिक्री नभएपछि प्रशोधनका लागि जाने प्रमुख उद्योग चितवन मिल्कमा समेत यसवर्ष चाप कम देखिएको छ । चितवन मिल्कका प्रबन्धक दुर्गाप्रसाद पराजुलीका अनुसार विगतमा तीन दिनसम्म कन्टेनर लाइन लाग्ने अवस्था रहे पनि यसवर्ष त्यस्तो समस्या छैन । गतवर्ष दैनिक करिब दुई लाख लिटर दूध प्रशोधनका लागि आउने गरेकामा यसवर्ष ७० हजार लिटर हाराहारी मात्रै आएको उनले जानकारी दिए ।

# मिडिया कपको उपाधि टिम टिभीलाई



साझाकुरा संवाददाता

हेटौंडा, २० माघ/रेडियो मकवानपुरले आयोजना गरेको छैठौं मिडिया कप फुट्सलको उपाधि टिम टेलिभिजनले जितेको छ । नेपाल पत्रकार महासंघ मकवानपुरलाई ५-३ गोलले हराउँदै टिम टेलिभिजनले उपाधि जितेको हो ।

निर्धारित समय २-२ गोलको बराबरी भएको थियो । थपिएको समयमा टिमले गोल गर्दै जित सुनिश्चित गरेको हो । टिमलाई जिताउने क्रममा मनिष खड्काले ४ र विश्वास विश्वकर्माले एक गोल गरेका हुन् । पत्रकार महासंघको तर्फबाट रविन्द्र वाइबाले २ र सञ्जिव रसाइलीले एक गोल गरेका थिए । प्रतियोगितामा टिमटिभी र पत्रकार महासंघसहित रेडियो मकवानपुर, रेडियो थाहासञ्चार, हेटौंडा एफएम, बागमती एक्सप्रेस, नेपाल प्रेस युनियन मकवानपुर र नेपाल खेलकुद पत्रकार मञ्चको सहभागिता रहेको थियो ।

प्रतियोगिताको विजेता र उपविजेतालाई यही माघ २२ गते सप्ताहव्यापी कार्यक्रमको समापनका दिन पुरस्कार प्रदान गरिने रेडियो मकवानपुर सञ्चालक समिति अध्यक्ष आनन्दराम पराजुलीले जानकारी दिए । रेडियो मकवानपुरका स्टेसन म्यानेजर गणेशदर्पण अधिकारीको अध्यक्षतामा भएको प्रतियोगितामा नेपाल पत्रकार महासंघ मकवानपुरका अध्यक्ष बालकृष्ण अधिकारीको प्रमुख आतिथ्यता रहेको थियो । अधिकारीले रेडियो मकवानपुरले वार्षिकोत्सवको अवसर पारेर प्रत्येक वर्ष मिडिया कप फुट्सलको आयोजना गर्दै पत्रकारको बीचमा भातृत्वको सम्बन्ध स्थापना र खेलप्रतिको लगाव वृद्धि गरेको भन्दै खुसी व्यक्त गरे ।

खेलकुद पत्रकार मञ्च मकवानपुर अध्यक्ष राजन दाहालले प्रतियोगिता निरन्तरताको शुभकामना दिँदै यसले पत्रकारको बीचमा मनोरञ्जनसँगै खेलकुदको विकासमा मद्दत पुग्ने दावी गरे । कार्यक्रममा हेटौंडा-६ का वडासदस्य विजय पौडेल, प्रेस युनियन मकवानपुर अध्यक्ष सुवास बिडारी, प्रेस सेन्टर मकवानपुर अध्यक्ष एमपी शर्मालगायतको आतिथ्यता रहेको थियो । रेडियो मकवानपुरको १६ औं वार्षिकोत्सव एवम् रेडियोको सञ्चालक संस्था दिव्यतारा बहुद्देश्यीय सहकारीको २८ औं स्थापना दिवसमा माघ १६ गतेबाट विविध सप्ताहव्यापी कार्यक्रमको आयोजना भैरहेको छ । सप्ताहव्यापी कार्यक्रमको समापन यही २२ गते हेटौंडा १ स्थित हिमालयन दरबारमा हुनेछ ।

# बालविवाह अन्त्यका लागि अन्तरमन्त्रालय संवाद

साझाकुरा संवाददाता

हेटौंडा, २० माघ/ बालविवाह अन्त्यका लागि राष्ट्रिय रणनीति तथा कार्यान्वयन कार्ययोजना २०८२ सम्बन्धी छलफल भएको छ ।

महिला, बालबालिका तथा ज्येष्ठनागरिक मन्त्रालयको आयोजना तथा बालिका दुलही होइन राष्ट्रिय सञ्जाल (जीएनबी) नेपालको सहकार्यमा कार्यक्रम गरिएको हो । कार्यक्रममा 'जीएनबी' नेपालका अध्यक्ष प्रकाश खतिवडाले कार्यक्रमको औचित्यमाथि प्रकाश पारे । राष्ट्रिय रणनीति तथा कार्यान्वयन कार्ययोजनालाई प्रभावकारीरुपमा कार्यान्वयनमा ल्याउने उद्देश्यले कार्यक्रम आयोजना गरिएको उनले बताए । राष्ट्रिय रणनीति तथा कार्ययोजनालाई प्रदेश तहमा प्रभावकारीरुपमा कार्यान्वयन गर्न तथा संघीय रणनीतिलाई प्रदेश सरकारसँग जोड्न यो अन्तर मन्त्रालय संवाद महत्वपूर्ण हुने विश्वास खतिवडाले व्यक्त गरे ।



कार्यक्रममा दुईवटा कार्यपत्र प्रस्तुत गरिएको थियो । पहिलो कार्यपत्र जीएनबी नेपालको सचिवालय कार्यक्रम प्रबन्धक इलावती केसीले प्रस्तुत गरेका थिए । उनले नेपालमा बालविवाह अन्त्यका लागि हाल भइरहेका प्रयास तथा वर्तमान अवस्थाको विश्लेषण प्रस्तुत गरेका थिए । दोस्रो कार्यपत्र मन्त्रालयका सहसचिव चक्रबहादुर बुढाले प्रस्तुत गरेका थिए । उनले बालविवाह अन्त्यका लागि राष्ट्रिय रणनीति तथा कार्यान्वयन कार्ययोजना २०८२ मा समेटिएका व्यवस्थाको जानकारी गराएका थिए । बालविवाह अन्त्य गर्नका लागि प्रदेश सरकार र सरोकारवालाको भूमिका कस्तो हुन सक्छ भन्ने विषयमा उनले चर्चा गरेका थिए ।

उनले सातै प्रदेश सरकारले बालविवाह अन्त्यसम्बन्धी प्रादेशिक कार्यान्वयन कार्ययोजना निर्माण गरी प्रदेश सरकारको नीति तथा कार्यक्रममा समेट्दै बालविवाहमुक्त स्थानीय तह घोषणा गर्न बाल संरक्षण प्रणाली सुदृढीकरणतर्फ ध्यान दिन आग्रह गरे । कार्यक्रममा सातै प्रदेशका सामाजिक विकास मन्त्रालयका प्रतिनिधिले आआफ्नो प्रदेशको बालसंरक्षण तथा बालविवाहको अवस्थाबारे जानकारी प्रस्तुत गरेका थिए । राष्ट्रिय बालअधिकार परिषद्का सदस्यसचिव इन्द्रादेवी ढकालले परिषदले नेपाललाई बालविवाहमुक्त देश बनाउन निरन्तर काम गरिरहेको बताइन् । बालसंरक्षण प्रणालीको व्यवस्थापन गर्दै आएको र जीएनबी नेपालसँगको सहकार्यमा बालविवाहमुक्त स्थानीय तह घोषणा निर्देशिका निर्माणको कार्य भइरहेको जानकारी दिइन् ।

परिषद्को संरक्षण समितिका संयोजक सुस्मा पोखरेलले किशोरी घरभित्र पनि सुरक्षित नभएको यथार्थ उदाहरण प्रस्तुत गरेकी थिइन् । उनले किशोरीलाई सशक्त बनाउँदै आत्मरक्षा तथा सुरक्षासम्बन्धी सीप प्रदान गर्नुपर्ने आवश्यकता औंल्याइन् । परिषद्का अधिकृत रामबहादुर चन्दले बालविवाह र उमेर नपुगेको विवाहबीचको भिन्नता स्पष्ट पार्दै बालविवाहका असर र परिणामबारे समुदायस्तरमा चेतना अभिवृद्धि गर्नुपर्नेमा जोड दिए । मन्त्रालयका सहसचिव बुढाले सहभागीले उठाएको प्रश्नको जवाफ दिए । उनले राष्ट्रिय रणनीतिलाई सफल बनाउन सबै सरोकारवालाले समन्वय र सहकार्यका साथ जिम्मेवार भूमिका निर्वाह गर्न आग्रह गरे ।



साझाकुरा

## हाम्रो कुरा

# ओझेलमा भीमफेदीको हात्तीसार

नेपालले पहिलोपटक आयोजना गरेको 'नेपाल भ्रमण वर्ष १९९८' को सन्दर्भमा भीमफेदीको हात्तीसार तथा हौदा संग्रहालयलाई सर्वसाधारणले अवलोकन गर्न सकने गरी ब्यवस्था गरिएको थियो । नेपालको पहिलो हात्तीसार मकवानपुरको पुरानो सदरमुकाम भीमफेदीमा भएको पाइन्छ । हात्ती राख्न भने सर्वप्रथम जंगबहादुर राणा प्रधानमन्त्री भएर राख्ने गरेका थिए भन्ने इतिहास भेटिनछ । जंगबहादुर वि.स.१९०३ असोज २ गते कम्माण्डर इनचिफ र १९०३ कार्त्तिक १२ गते नेपालका प्रधानमन्त्री भएका थिए । वि.स. १९०४ आषाढशुक्रपक्ष सुदीपूर्णिमा मंगलबारका दिन तत्कालीन राजा राजेन्द्रलाई वीरगञ्च पश्चिम अलौबाट पिंजडामा थुनेर अपहरण शैलीमा काठमाडौं लगियो । राजा राजेन्द्रलाई थुनेरै राखेर जंगबहादुरले राज्यशक्ति आफ्नो हातमा लिएका थिए । तीनै राण प्रमहरुले तराईमा शिकार खेल्न जाने र फर्कने समयमा भीमफेदीमा बास बस्नुपरेको समयमा हात्ती राख्न हात्तीसार बनाएका थिए । त्यही ठाउँको घेराबार गर्न लगाए र त्यही स्थान नेपालको पहिलो हात्तीसार बन्न पुगेको हो । हात्तीसारमा घर निर्माण भने चन्द्रशम्शेरको पालामा भएको थियो । तराईमा औलोउन्मुलन नभएसम्म हात्तीसार भीमफेदीमै थियो ।

पछि राप्तीदुन जग्गा विक्री वितरण कमिशनबाट फुर्केचौरदेखि पश्चिम माडीसम्म योजना बनेपश्चात टाढा भयो भनी तराईमा सारिएको थियो । प्रधानमन्त्री चन्द्रशम्शेरको पालामा विदेशी पाहुनालाई हात्ती चढाएर तराईमा शिकार खेलाउने गरिएकोले तत्कालीन हात्ती चढ्ने हौदाहरु आज पनि भीमफेदीमा छ । यहाँ भएको भौतिक पूर्वाधार तथा जग्गाहरु वेवारिसे अवस्थामा हुँदा स्थानीय निकायले सदुपयोग गर्न माग गरेका छन् । बेलायती महारानी एलिजाबेथ द्वितीया र राणा प्रधानमन्त्री जंगबहादुरले शिकार खेल्न जाने क्रममा हात्ती पार्किङस्थलका रुपमा परिचित यो संग्रहालय पर्यटकको पर्खाइमा बसेको छ । हेटौंडाबाट उत्तरपूर्वमा करिब ३५ किलोमिटरको दूरीमा रहेको भीमफेदीस्थित यो संग्रहालयमा महारानी एलिजावेथले प्रयोग गरेका ४ वटा सिकारी हौदा र जंगबहादुरले प्रयोग गरेका पिँजडा सहितको हौदा राखिएको छ । मकवानपुरको भीमफेदी गाउँपालिका-६ स्थित राणाकालीन हात्तीसार संग्रहालय नेपालका प्रथम राणा प्रधानमन्त्री जंगबहादुर, श्री ५ महेन्द्र, बडामहारानी, बेलायती महारानी एलिजाबेथ द्वितीया, श्री ५ वीरेन्द्र र श्री ५ ज्ञानेन्द्रसम्मले शिकारको सिलसिलामा प्रयोग गरेको ऐतिहासिकस्थल हो । उनीहरु हात्तीमा चढेर चितवनतर्फ शिकार खेल्न जाने गर्थे । संग्रहालय भवनभित्र कुल ४२ वटा हौदाहरु रहेका छन् । बाघको सिकारका लागि प्रयोग गरिने सेतो कपडा पनि यहाँ सुरक्षित राखिएको छ । संग्रहालयमा शिकार खेल्ने व्यक्तिले हात्तीमा राखेर प्रयोग गर्ने सिकारी हौदा, शिकारीको संरक्षणमा जाने भारदारी र खानपानको व्यवस्था गर्नेहरु बस्ने सुसारेले प्रयोग गर्ने हौदाहरु छन् ।

राणाकालमा बेलायती राजारानीलगायत विदेशी पाहुना हात्तीमा बसेर शिकार खेल्नका निम्ति भीमफेदी आउने गरेको इतिहास छ । पूर्वराजपरिवारका सदस्यहरुले पनि चितवन राष्ट्रिय निकुञ्ज, कोशीटप्पु वन्यजन्तु आरक्ष, शुक्लाफाँटा र बर्दिया राष्ट्रिय निकुञ्जमा सिकार खेल्न जाने गरेको जानकारहरु बताउँछन् । हात्तीसारमात्रै नभई त्यतिबेला तराईबाट काठमाडौं पुग्ने मुख्य बाटोसमेत यही थियो । त्रिभुवन राजपथ निर्माण हुनुभन्दा अघि भीमफेदी काठमाडौंलाई तराईसँग जोड्ने सेतुको रुपमा परिचित थियो । राणाकालमा विदेशी पाहुना हात्तीमा बसेर शिकार खेल्नको निम्ति पनि भीमफेदी नै आउँथे । विगतमा पैदलयात्रुको निम्ति बास बस्न बनाइएका पाटीपौवा र निजी भवनहरु अहिले जीर्ण छन् । २०५९ जेठमा तत्कालीन सांसद हिरण्यलाल श्रेष्ठले आधा दर्जन एक्युरियम राखेर यसलाई थप आकर्षक बनाउने प्रयास गरेका थिए, तर ती एक्युरियम अहिले प्रयोगमा छैनन् । राष्ट्रिय निकुञ्ज तथा वन्यजन्तु संरक्षण विभागको स्वामित्वमा रहेको यो संग्रहालय करिब २५ रोपनी क्षेत्रफलमा फैलिएको छ । धेरै ऐतिहासिक महत्व बोकेको भएता पनि उचित प्रचार प्रसारको अभावले पर्यटकको आगमन हुन सकेको छैन । हात्तीसार संग्रहालयलाई थप ऐतिहासिक बनाउनका लागि प्रवेशद्वारमा दुईवटा हात्तिका मूर्तिका साथै ऐलिजावेथ द्वितीया र जंगबहादुरको शालिक राखिने योजना रहेको भीमफेदी गाउँपालिकाले जनाएको छ ।

# राज्य-निर्माणको कसीमा सुशासनको बहस



✍ऋषिराम पाण्डे

नेपालमा सुशासनको सवाल सधैं पेचिलो बन्दै आइरहेको छ । भदौ २३ को युवाहरूको प्रदर्शन र तत्पश्चात्को परिदृश्यमा सुशासन प्रमुख सवाल बनेको छ । सुशासन राज्य-निर्माणसँग जोडिएको विषय हो । यो आफैंमा अमूर्त र बहुआयामिक हुन्छ । यो देखिने चिज होइन, जनताले अनुभूत गर्ने विषय हो । राज्य-निर्माणको अवस्थाले सुशासनलाई प्रत्यक्ष रूपमा प्रभावित गर्दछ । यस आलेखमा राज्य-निर्माण र सुशासन बीचको अन्तरसम्बन्धको चर्चा गर्दै नेपालमा सुशासनका सवालहरूका बारेमा विवेचना गरिनेछ ।

**राज्य-निर्माणः संघीयतापछिको परिदृश्य**

राजनीतिशास्त्रमा राज्य-निर्माण र राष्ट्र-निर्माणले फरक-फरक अर्थ बोक्दछन् । पहिला राज्य-निर्माणको कुरा गरौं । राज्य-निर्माण भनेको राज्यका शासकीय संरचना, कानूनी र प्रशासनिक प्रणालीको विकास र सबलीकरणको प्रक्रिया हो । आर्थिक सहयोग तथा विकास संगठन ९ओईसीडी० ले राज्य-निर्माणलाई राजनीतिक प्रक्रिया, सुरक्षा, आर्थिक व्यवस्थापन तथा सार्वजनिक सेवा प्रवाहलाई प्रभावकारी बनाउने सन्दर्भमा राज्यको क्षमता, संस्थागत संरचना र वैधता निर्माण गर्न घरेलु तथा अन्तर्राष्ट्रिय पक्षहरूद्वारा गरिने उद्देश्यपूर्ण कार्य भनेको छ ।

विश्व बैंकले राज्य-निर्माणलाई नागरिकको विश्वास पुन:स्थापित गर्ने प्रक्रियासँग जोड्दै सुरक्षा, न्याय तथा रोजगारी उपलब्ध गराउने र नागरिकको विश्वास कायम राख्ने वैध संस्थाहरू निर्माण गर्ने प्रक्रियाका रूपमा व्याख्या गरेको छ । फ्रान्सिस फुकुयामाले राज्य-निर्माणलाई नयाँ सरकारी संस्थाहरूको स्थापना र विद्यमान संस्थाहरूको सुदृढीकरणको प्रक्रियाका रूपमा व्याख्या गरेका छन् । त्यसैगरी, रोलेन्ड पेरिस र टिमोथी सिस्कले अस्थिर वा द्वन्द्वपछिका परिस्थितिहरूमा राज्यको क्षमता, प्रभावकारिता र वैधता अभिवृद्धि गर्ने प्रयासलाई राज्य-निर्माणको रूपमा व्याख्या गरेका छन् ।

राज्य-निर्माण जनतालाई प्रभावकारी रूपमा शासन सञ्चालन र सेवा प्रदान गर्न सक्ने गरी राज्यका संस्थाहरूको क्षमता र वैधताको विकास गर्ने प्रक्रिया हो । राज्य-निर्माण अन्तर्गत व्यवस्थापिका, कार्यपालिका र न्यायिक प्रणालीको विकास र सुदृढीकरण, राजनीतिक दल र निर्वाचन प्रणालीको स्थापना र सबलीकरण, निजामती सेवा विकास, प्रशासनिक तथा कर्मचारीतन्त्रको क्षमता अभिवृद्धि, सार्वजनिक वित्तीय व्यवस्थापन, स्थानीय शासन प्रणाली तथा सेवा प्रवाहका संयन्त्रहरूको विकास, सुरक्षा क्षेत्रको सुदृढीकरण जस्ता कार्यहरू पर्दछन् ।

तर, राष्ट्र-निर्माण फरक विषय हो । राष्ट्र-निर्माण नागरिकहरू बीच साझा पहिचान, एकता तथा अपनत्वको भावना विकास गर्ने प्रक्रिया हो । राष्ट्र-निर्माणको उद्देश्य नागरिकहरू बीच एकता र साझा पहिचान विकास गराउनु हो । साझा मूल्यका आधारमा एकता, सद्भाव र अपनत्वको भावना सहितको सुसंगत राष्ट्रिय समुदाय निर्माण गर्ने प्रक्रियाले जनतालाई एकताको सूत्रमा बाँध्ने काम गर्दछ । पृथ्वीनारायण शाहद्वारा 'नेपाल चार जात छत्तीस वर्णको साझा फूलबारी हो' भनी सुरुवात गरिएको अभियान राष्ट्र-निर्माणको अभियान थियो ।

राष्ट्र-निर्माण र राज्य-निर्माण फरक अवधारणा भए तापनि एक-आपसमा अन्तर सम्बन्धित छन् । राष्ट्र-निर्माणले पहिचान र साझा अपनत्वमा जोड दिन्छ भने राज्य-निर्माण संस्थागत संरचना र शासन प्रणालीमा केन्द्रित हुन्छ । यी दुवैले एक-अर्कालाई सुदृढ बनाउन मद्दत गर्दछन् ।

नेपालमा संघीयताको कार्यान्वयन पश्चात् राज्य-निर्माणको नयाँ अध्याय शुरु भएको छ । तीन तहका सरकारका शासकीय संरचनाको निर्माण र सबलीकरण, आ-आफ्ना अधिकार क्षेत्रभित्रका कानूनको निर्माण, सार्वजनिक प्रशासन संयन्त्रको विकास र शासकीय क्षमता अभिवृद्धि अहिले पनि अहम् महत्त्वका सवाल हुन् । संघीयता कार्यान्वयनको एक दशक नाघिसक्दा पनि प्रदेश र स्थानीय तहको संस्थागत विकास र सबलीकरण प्रमुख सवाल बनेको छ ।

संस्थागत विकास बहुआयामिक अवधारणा हो । संस्थागत विकासका लागि मूलत: चारवटा विषयवस्तुहरूमा ध्यान जान जरूरी हुन्छ- पूर्वाधार (भौतिक पूर्वाधार निर्माण र कानूनी प्रबन्ध), जनशक्ति व्यवस्थापन, कार्यप्रणाली विकास र आर्थिक प्रबन्ध । प्रदेश र स्थानीय तहले अहिले पनि संस्थागत विकासका क्षेत्रमा काम गर्न धेरै बाँकी छ । स्थानीय तहको संस्थागत विकासका क्षेत्रमा उचित ध्यान जान नसक्दा शासकीय क्षमताको अभिवृद्धि हुनसकेको छैन । संस्थागत सबलीकरणले सुशासन प्रवर्धन गर्न मद्दत गर्दछ ।

**असल सरकार र असल शासन**

असल सरकार र असल शासन अर्थात् सुशासन एउटै कुरा होइनन् । सरकार असल हुँदैमा राज्यमा सुशासन छ भन्न सकिँदैन । पहिला असल सरकारको कुरा गरौं । राज्य-निर्माणको आँखाबाट हेर्दा मुलुकमा असल सरकार छ भन्नका लागि केही आधारभूत कुराहरू विद्यमान हुनुपर्दछ । यदि मुलुकमा राज्य सञ्चालनका तीनवटा निकाय व्यवस्थापिका, कार्यपालिका र न्यायपालिकाले स्वतन्त्र रूपमा काम गर्दछन् र तिनीहरूका बीचमा नियन्त्रण र सन्तुलनको अवस्था प्रभावकारी छस सरकार देशको सार्वभौमसत्ता, भौगोलिक अखण्डता र जनताको जीउधनको सुरक्षा गर्न सक्षम छस सरकार कानूनसम्मत तवरले सञ्चालन हुन्छ र सरकार जनहितकारी, दयालु र न्यायपूर्ण छ भने त्यस्तो अवस्थामा सरकार असल छ भनेर मान्नुपर्दछ ।

तर, सुशासन एक बृहत् अवधारणा हो । सुशासन सार्वजनिक नीति सम्बन्धी निर्णयहरू कसरी गरिन्छन् र ती निर्णयहरू कसरी कार्यान्वयन हुन्छन् भन्ने प्रक्रियासँग सम्बन्धित हुन्छ । यो सरकार वा सार्वजनिक क्षेत्र, निजी क्षेत्र तथा नागरिक समाज बीचको अन्तरक्रियाको परिणाम हो । यदि जनतामा प्रभावकारी, दक्ष र निष्पक्ष सेवा छिटो-छरितो रूपमा प्रवाह हुन्छ, जनताका आवाज सुनिन्छन् र तिनलाई सम्बोधन गरिन्छ, निर्णय-निर्माण प्रक्रियामा जनताको सहभागिता सुनिश्चित हुन्छ र सरकार, शासन व्यवस्था तथा पात्रहरूप्रति जनताको विश्वास कायम रहन्छ भने सुशासन छ भनेर मान्न सकिन्छ । शासनका लागि राज्यले नागरिक समाज र निजी क्षेत्रका आवाजहरूलाई सुन्ने र सोहीबमोजिम निर्णय लिने व्यवस्था हुनुपर्दछ । त्यसैले, सुशासनका लागि सरकार, नागरिक समाज र निजी क्षेत्रबीच सहकार्य आवश्यक छ । सुशासनले राज्य-निर्माणमा योगदान गर्दछ ।

**राज्य-निर्माण र सुशासनबीचको अन्तरसम्बन्ध**

सुशासन राज्यको संस्थागत क्षमता, वैधता र प्रभावकारितासँग प्रत्यक्ष रूपमा सम्बद्ध अवधारणा हो । राज्य-निर्माण र सुशासन एक-अर्कासँग अन्तरसम्बन्धित र पूरक अवधारणाहरू हुन् । राज्य-निर्माणले राज्यका आधारभूत संरचनाहरूको विकास र सुदृढीकरणमा जोड दिन्छ भने सुशासनले ती संस्थाहरू कसरी सञ्चालन हुन्छन् भन्ने प्रक्रियागत पक्षलाई केन्द्रमा राख्छ । त्यसैले, प्रभावकारी राज्य-निर्माण विना सुशासन सम्भव हुँदैन र सुशासन विना राज्य-निर्माण दिगो हुन सक्दैन । सुशासनको अभावमा राज्य-निर्माण कमजोर, अस्थिर र जनविश्वासहीन बन्न सक्छ । दुवै सँगसँगै अघि बढ्दा मात्र प्रभावकारी, वैध र जनउत्तरदायी राज्यको निर्माण हुने हो ।

पारदर्शिता, जवाफदेहिता, विधिको शासन र दक्ष प्रशासनिक प्रणालीले राज्यका संस्थाहरूलाई वैध, सक्षम र जनमुखी बनाउँछन् । जब संस्थाहरू सुशासनका मान्यताअनुसार सञ्चालन हुन्छन्, तब राज्यले नीति-निर्माण र कार्यान्वयनमा प्रभावकारिता हासिल गर्छ, जुन राज्य-निर्माणको मुख्य लक्ष्य हो । राज्यको वैधता र नागरिक-राज्य सम्बन्ध सुदृढ गर्न सुशासन निर्णायक हुन्छ । सुशासनका माध्यमबाट नागरिकको सहभागिता, समावेशिता र न्यायपूर्ण सेवा प्रवाह सुनिश्चित हुने हुँदा नागरिकको राज्यप्रतिको विश्वास बढ्छ । यही विश्वासले राज्यलाई सामाजिक वैधता प्रदान गर्छ, जुन राज्य-निर्माणको आधारभूत स्तम्भ हो ।

शान्ति, स्थायित्व र विकासका लागि पनि सुशासन र राज्य-निर्माणबीचको सम्बन्ध महत्त्वपूर्ण छ । सुशासनले भ्रष्टाचार नियन्त्रण, शक्ति सन्तुलन र विवाद समाधानका संयन्त्रलाई बलियो बनाउँछ, जसले द्वन्द्वको सम्भावना घटाउँछ । स्थिर र शान्त वातावरणमा मात्र पूर्वाधार विकास, मानव संसाधन विकास र आर्थिक विस्तार सफल हुन सक्छन् । फ्रान्सिस फुकुयामाका अनुसार, राज्यको क्षमता र सुशासन बीच प्रत्यक्ष सम्बन्ध हुन्छ । सक्षम प्रशासन, भ्रष्टाचार नियन्त्रण र प्रभावकारी सार्वजनिक सेवा प्रवाह विना राज्य-निर्माण केवल कानूनी वा संरचनागत अभ्यासमा मात्र सीमित रहन्छ ।

संघीय शासन प्रणाली अवलम्बन पश्चात्को संक्रमणकालीन अवस्थामा रहेको नेपालमा सुशासन र राज्य-निर्माणको सम्बन्ध अझ संवेदनशील र महत्त्वपूर्ण छ । संघीय संरचनाअन्तर्गत संघ, प्रदेश र स्थानीय तहमा प्रभावकारी सेवा प्रवाह, समन्वय र जवाफदेहिता सुनिश्चित गर्न सुशासन अपरिहार्य छ । नेपालमा राज्यका संरचनाहरू निर्माणको इतिहास लामो भए तापनि तिनीहरूको विश्वसनीयतामा क्रमिक रूपमा क्षयीकरण भइरहेको छ । त्यस्ता निकायहरूले आफ्नो विरासत थाम्न नसक्दा जनताको विश्वास गुमाउँदै गइरहेका छन् । सुशासन कायम हुन नसक्नुको यो नै प्रमुख कारण हो । अहिले सुशासनका सवालमा हुने गरेका बहस केवल भ्रष्टाचारमा सीमित हुने गरेका छन् । तर, भ्रष्टाचार परिणाम हो, कारण चाहिं संरचनागत समस्या नै हो ।

**कर्मचारीतन्त्र र सुशासन**

सेवा प्रवाहसँग प्रत्यक्ष रूपमा जोडिएको कर्मचारीतन्त्र सुशासनको मुख्य चालक हो । तर, नेपालको कर्मचारीतन्त्रमा मुख्यत: दुईवटा समस्या छन्स् कार्यदक्षता र भ्रष्टाचार । न्यूनतम समय, श्रम र लागत प्रयोग गरी अधिकतम उपलब्धि हासिल गर्ने क्षमता कार्यदक्षता हो । विश्व बैंकले गरेको एक अध्ययन अनुसार नेपालको सरकारी सेवा प्रवाहको कार्यकुशलता र दक्षता दक्षिणएशियामा अफगानिस्तान बाहेक सबैभन्दा न्यून छ । कर्मचारीको समय जनताको करको रकमबाट जनताको कामका लागि राज्यले किनेको समय हो । त्यसैले, तोकिएको समयभित्र कर्मचारीले पूर्ण क्षमतामा काम गर्नुपर्दछ भन्ने अपेक्षा गरिएको हुन्छ । तर, नेपालको परिदृश्य फरक छ । यहाँ त्यस्तो हुँदैन ।

नेपालको सार्वजनिक क्षेत्रमा रहेर काम गर्ने कर्मचारीको वास्तविक कार्यकुशलता एवम् कार्यदक्षताको स्वतन्त्र रूपमा सर्वेक्षण गरी सार्वजनिक प्रशासनको पुनर्संरचना आवश्यक छ । डिजिटल गभर्नेन्सको प्रवर्धन गरी पूर्ण क्षमतामा कर्मचारीको परिचालन गर्ने हो भने तहगत सरकारमा हाल कार्यरत जनशक्तिमा ४० प्रतिशतले कटौती गर्दा पनि अहिलेको सेवा प्रवाहमा खासै फरक नपर्ने प्रशस्त आधार छन् ।

नेपालमा संगठन तथा व्यवस्थापन सर्वेक्षण गर्दा कार्यबोझको विश्लेषण गर्ने परिपाटी नै विकास भएको छैन । पिरामिड आकारको संगठन संरचनालाई विचार गरी पदसोपान तयार गर्ने परिपाटीले गर्दा कर्मचारीको संख्या र कामको बीचमा तालमेल मिलेको छैन । एउटै व्यक्तिलाई फरक-फरक कामको जिम्मेवारी दिने प्रचलनको विकास नहुँदा कर्मचारीको कार्यक्षमता ज्यादै न्यून छ ।

भ्रष्टाचार सापेक्षित कुरा हो । संसारका सबै मुलुकहरूमा भ्रष्टाचार थियो, छ र रहिरहनेछ । तर यसको मात्रा कति छ, कुन रूपमा प्रकट भएको छ र त्यसले समाजलाई कसरी प्रभावित गरेको छ भन्ने कुरा महत्त्वपूर्ण हुन्छ । नेपालमा भ्रष्टाचार व्यापक छ र त्यो कर्मचारीतन्त्रमा नै अधिक छ । पैसाको अनुचित लेनदेन भ्रष्टाचार हो भने नीतिगत रूपमा निहित स्वार्थका लागि गरिने अनुचित कार्य पनि पदीय दुरुपयोग मार्फत गरिने भ्रष्टाचार हो ।

ट्रान्सपरेन्सी इन्टरनेशनलद्वारा प्रकाशित भ्रष्टाचार अनुभूति सूचकाङ्क २०२४ अनुसार नेपालले १०० मध्ये ३४ अंक प्राप्त गरी १८० देशमध्ये १०७औं स्थान हासिल गरेको छ । १०० पूर्णाङ्कमा ३४ अंक हुनु भनेको सार्वजनिक क्षेत्रमा भ्रष्टाचारको अनुभूति गम्भीर छ भन्ने संकेत हो । नेपालको अंक विश्वको औसत अंक ४३ भन्दा पनि तल छ । यसको अर्थ भ्रष्टाचार नियन्त्रण, पारदर्शिता, जवाफदेहिता र सुशासनका क्षेत्रमा नेपालले धेरै काम गर्न बाँकी छ ।

*(साभार: अनलाइनखबर)*

# नेपाली समाजको तथ्याङ्कीय विश्लेषण

✍डिल्लीराम मिश्र "कलमजीवी"

नेपाल प्राकृतिक रुपमा जति सुन्दर छ, त्यसभन्दा पनि भौगोलिक कलाकौशल हिमाल, पहाड र तराईको भूभागसम्म फैलिएको स्वरुप झनै मनमोहक रहेको छ । नेपाल पूर्वमा मेचीदेखि पश्चिममा महाकाली तथा हिमालदेखि तराईसम्म एक लाख ४७ हजार १८१ वर्ग किमिमा फैलिएको छ । मुलुकको सैंघ शासन प्रणालीअन्तर्गत सात प्रदेश, ७७ जिल्ला, १६५ निर्वाचन क्षेत्र र ७५३ वटा स्थानीय तहहरु रहेका छन् ।

स्थानीय तहअन्तर्गत ६ महानगरपालिका, ११ उपमहानगरपालिका, २७६ नगरपालिका र ४६० गाउँपालिकासँगै ६ हजार ७४३ वडाहरु छन् । देशको भौगोलिक विविधतासँगै सामाजिक, जातीय, भाषिक, सांस्कृतिक, राजनीतिक एवं धार्मिक विविधता छ । यसै कारणले पनि नेपालीको जीवनशैलीमा समेत विविधता ल्याएको छ । मुलुकको राष्ट्रिय जनगणना २०७८ अनुसार नेपालमा १४२ जातजातिको मिश्रित बसोबास रहेको छ, जुन २०६८ मा १२५ जातजाति मात्र थिए ।

यसपटक १७ वटा नयाँ जातजाति थपिएका छन् । विविध जातजातिअनुसार जनसंख्याको चापलाई हेर्दा सबैभन्दा बढी १६.४५ प्रतिशत क्षत्री समुदाय रहेको छ भने दोस्रोमा बाहुन जाति पर्छन्, जसको प्रभाव झन्डै १४ प्रतिशत रहेको छ । यस तथ्यसँगै सरकारले लिएका विभिन्न नीतियोजना तथा कार्यक्रमको कार्यान्वयनबाट नेपालीहरुको जीवनस्तरमा अपेक्षित गतिमा मुलुकको प्रगति र विकास हुन नसकेको तथ्य सत्य हो ।

मुलुकको राष्ट्रिय जनगणना २०७८ अनुसार नेपालको कुल जनसंख्या २ करोड ९१ लाख ६५ हजार ५७८ रहेको छ, जसमा पुरुष ४८.९८ प्रतिशत र महिला ५१.०२ प्रतिशत रहेका छन् । प्रादेशिक रुपमा वितरण अवस्थालाई हेर्दा कुल जनसंख्याको सबैभन्दा बढी चाप झन्डै २१ प्रतिशत मधेस प्रदेशमा रहेको छ । यस्तै बागमती २०.९७, लुम्बिनी १७.५६, कोशी १७.०१, सुदूरपश्चिम ९.२४, गण्डकी ८.४६ र कर्णाली प्रदेशमा ५.७९ प्रतिशत जनसंख्या छ । यस्तै नगरपालिका क्षेत्रमा ६६.१७ प्रतिशत र गाउँपालिकामा ३३.८३ प्रतिशत जनसंख्या रहेको छ ।

यस्तै नेपालको जनघनत्व १९८ जना प्रतिकिमि रहेको छ भने औसत परिवार सदस्य संख्या ४.३७ छ । नेपालमा ६६ लाख ६६ हजार ९३७ घरपरिवारले बसोबास गरेका छन् । नेपालमा वि.सं. १९६८ मा पहिलोपटक जनगणना प्रारम्भ भएको थियो । त्यति बेला देशको कुल जनसंख्या ५६ लाख ३९ हजार ७४९ रहेको देखिन्छ । यसरी हेर्दा संवत् १९६८ देखि २०७८ सम्मको दशकमा देशका जनसंख्या वृद्धिदर १.०१ प्रतिशत रहेको छ, जुन १९६८ को तुलनामा यो संख्या झन्डै २ करोड ३५ लाखले बढी हो ।

भौगोलिक क्षेत्र अनुसार जनसंख्याको वितरण अवस्थालाई हेर्दा सबैभन्दा बढी तराई क्षेत्रमा ५३.६ प्रतिशत चाप छ । यस्तै पहाड र हिमाली क्षेत्रमा जनसंख्याको प्रभाव ४०.३१ र ६.०८ प्रतिशत छ । एघारौं जनगणना २०६८ अनुसार यी क्षेत्रहरुमा क्रमश: ५०.३, ४३.० र ६.७ प्रतिशत जनसंख्या बसोबास गरेको देखिन्छ । पहाड र हिमाली क्षेत्रमा जनसंख्या प्रतिवर्ष घट्दो क्रममा छ भने तराईमा कुल जनसंख्याको भार क्रमश: बढिरहेको छ, जुन आँकडाले देशको समग्र विकासमै नकारात्मक सन्देश दिएको छ । २०४८ सालको नतिजालाई हेर्ने हो भने तराईमा बसोबास गर्नेको जनसंख्या ४६.७ प्रतिशत मात्र थियो, जुन तीन दशकमा बढेर ५३.६ प्रतिशत पुगेको छ ।

राष्ट्रिय जनगणना २०७८ अनुसार १० वर्षको वार्षिक औसत वृद्धिदर ०.९२ प्रतिशत छ । यस्तै २०४८-२०५८ को दशकको वार्षिक औसत जनसंख्या वृद्धिदर २.२५ प्रतिशत एवं २०५८-२०६८ मा १.३५ प्रतिशत रहेको छ । देशका ७७ जिल्लाको वार्षिक जनसंख्या वृद्धिदरलाई विश्लेषण गर्ने हो भने हिमाली र पहाडी क्षेत्रका ३४ वटा जिल्लामा वार्षिक जनसंख्या वृद्धिदर ऋणात्मक छ । सबैभन्दा बढी जनसंख्या वृद्धिदर ३.३५ प्रतिशत भक्तपुर र सबैभन्दा बढी ऋणात्मक वृद्धिदर रामेछापमा १.६७ प्रतिशत रहेको छ । वि.सं. २०६८ अनुसार हिमाली र पहाडी क्षेत्रका २७ वटा जिल्लामा मात्र ऋणात्मक जनसंख्या वृद्धिदर थियो । एक दशकमा ७ वटा जिल्लाको जनसंख्या ऋणात्मक अवस्थामा पुग्नु चिन्ताको विषय हो ।

यो अवस्था अझ तीव्र गतिमा ऋणात्मक बन्दै गएको छ । मुलुकको जनसंख्याको उमेरगत समूहअनुसारको अवस्था हेर्दा १५ देखि ५९ वर्षको क्रियाशील श्रमशक्तिको जनसंख्या झन्डै ६२ प्रतिशत छ । यस्तै आश्रित जनसंख्याको अनुपात भने घट्दै गएको छ । २०४८ सालको जनगणनामा आश्रित अनुपात ८७.२ प्रतिशत रहेकोमा २०७८ मा यो अवस्था ५३.३ प्रतिशतमा झरेको छ । आश्रित जनसंख्याको अनुपात घट्दै जानु आर्थिक विकासका लागि अनुकूल परिस्थिति भएको मानिन्छ ।

पछिल्लो राष्ट्रिय जनगणना २०७८ अनुसार नेपालमा १४२ वटा जातजाति, १२४ वटा मातृभाषा र १० वटाभन्दा बढी धर्म-सम्प्रदाय बसोबास भएको बहुभाषी, बहुजातीय एवं बहुधार्मिक मुलुक हो । नेपालमा बोलिने विविध भाषाभाषीहरुमध्ये मातृभाषाका आधारमा जनसंख्याको स्वरुपलाई हेर्दा सबैभन्दा बढी ४४.८६ प्रतिशत बोलिने भाषा नेपाली भाषा हो, तर यो भाषा हरेक वर्ष घट्दो क्रममा छ । नेपाली भाषा नेपालको सम्पर्क र साझा भाषा हो । नेपालीसँगै सबैभन्दा बढी बोलिने नेपालका पाँचवटा मातृभाषालाई लिनुपर्‍यो भने मैथिली ११.०५ प्रतिशत, भोजपुरी ६.२४ प्रतिशत, थारु ५.८८ प्रतिशत र तामाङ ४.८८ प्रतिशत रहेका छन् ।

यस क्रममा पनि एकलाख वक्ता भएका मातृभाषाको संख्या २१ वटा मात्रै रहेको भेटिन्छ । यस्तै २०७८ अनुसार नेपालमा १० वटा धर्म मान्ने समुदाय रहेका छन्, जसलाई धार्मिक समूह पनि भनिन्छ । यस्ता समुदायअन्तर्गत ८१.१९ प्रतिशतले सनातन हिन्दू धर्म मान्ने गरेको देखिन्छ । यो संख्या २०६८ मा ८१.३४ प्रतिशत थियो । हिन्दू धर्मपछि बौद्धधर्म ८.२१ प्रतिशत, इस्लाम धर्म ५.०९ प्रतिशत, किराँत धर्म ३.१७ प्रतिशत र क्रिश्चियन धर्म १.७६ प्रतिशत रहेका छन् । २०६८ सालको जनगणनाको तुलनामा २०७८ मा हिन्दू धर्मबाहेक अरु सबै धर्म मान्नेहरुको संख्या झीनो रुपमा बढ्दो अवस्थामै रहेको छ ।

मुलुकको तथ्याङ्कीय आधारमा हेर्ने हो भने नेपालीको औसत आयु क्रमश: बढ्दै गएको छ । संवत् २०७८ अनुसार नेपालीको औसत आयु ७४ वर्ष पुगेको छ । पुरुषको भन्दा महिलाको औसत आयु ५.६ वर्षले बढी छ । यस नतिजाअनुसार पनि पुरुषको ६८.७ वर्ष र महिलाको ७४.३ वर्ष छ । प्रदेशगत संरचनाअन्तर्गत सबैभन्दा कम औसत आयु लुम्बिनी प्रदेशमा ६९.७ वर्ष छ भने सबैभन्दा बढी बागमती प्रदेशमा ७२.८ वर्ष रहेको छ ।

संवत् २०६८ को नतिजाअनुसार नेपालीको औसत आयु ६६.६ वर्ष रहेको थियो । योभन्दा पनि अझ २०३८ सालतिर जाने हो भने नेपालीको औसत आयु ४९.८ वर्ष रहेको देखिन्छ, तर चार दशकको समयावधिमा २४.५ वर्ष आयु बढ्नुलाई त्यति अनौठो मान्न सकिन्न । त्यसैगरी पाँच वर्ष वा सो भन्दामाथिको उमेरका मानिसमा साक्षरतादर औसत प्रतिशत ७६.२ रहेको छ, जसमा पुरुष ८३.६ र महिला ६९.४ प्रतिशत छ ।

क्रमश: पृष्ठ-३....

## महत्वपूर्ण टेलिफोन नम्बरहरू

### मकवानपुर प्रहरी

| | |
|---|---|
| प्रहरी कन्ट्रोल: | १०० |
| जिल्ला ट्राफिक: | ५२०५९९ |
| वडा प्रहरी: | ५२०२९९ |
| पशुपतिनगर इलाका: | ५२०५९८ |
| पालुङ इलाका: | ६२०४६७ |
| मनहरी इलाका: | ९८५५०९०१६१ |
| इलाका फापरबारी: | ६२१९८० |
| इलाका भीमफेदी: | ६९१४६२ |
| इलाका ठिंगन: | ९८४५२९९३८१ |
| चौकीटोल चौकी | ९७४२५५९५०१ |
| चित्लाङ चौकी: | ६९२००० |
| चौघडा चौकी | ९८४४०५४६०४ |
| नेवारपानी चौकी: | ९७५५०००२९९ |
| फाखेल चौकी: | ९८४५०३१३९८ |
| पदमपोखरी चौकी: | ९८४५०९९७८९ |

### एम्बुलेन्स सेवा

| | |
|---|---|
| नेपाल रेडक्रस: | ५२०७११, ९८५५०२८९५२ |
| हेटौंडा अस्पताल: | ५२०३०५ |
| परिवार नियोजन संघ: | ५२०७४५,९८४५१०४५०० |
| मनहरी रेडक्रस: | ९८४५१०५८२१ |
| छतिवन रेडक्रस: | ९८६१६२२३११ |
| भीमफेदी रेडक्रस: | ६२०६९९ |
| पालुङ रेडक्रस: | ९८१४२०७४०१ |
| बज्रबाराही रेडक्रस: | ९८४५३०२९८४ |
| सहकारी अस्पताल: | ०५७-५२६५८७, ९८४५६१९१९४ |
| बसामाडी एम्बुलेन्स: | ९८४५२९७५७९ |
| बारुण यन्त्र: | १०१ |
| बाल हेल्पलाइन नेपाल: | १०९८ |
| माइती नेपाल: | ५२१०५० |
| अपाङ्ग बाल अस्पताल | ९८४५२९६४४५ |

सार्वजनिक हितको लागि
साझाकुरा राष्ट्रिय दैनिक

## भोलिको पात्रो

भोलि वि.सं. २०८२ माघ २२ गते बिहीबार ५ फेब्रुअरी २०२६ । चतुर्थी, फागुन कृष्णपक्ष । सिल्लागा ११४६ ने.सं. । सूर्योदय ६:५० सूर्यास्त ५:४६ ।

## आजको राशिफल

| | | | |
|---|---|---|---|
| मेष | : मुद्दा-मामिलामा विजयी भइनेछ | तुला | : व्यवसाय अवरुद्ध बन्न सक्नेछ |
| वृष | : लगनशीलताले उपलब्धि दिलाउनेछ | वृश्चिक | : सहयोगीका माध्यमबाट काम बन्नेछ |
| मिथुन | : प्रयत्न सफल हुनेछ | धनु | : बन्धु-बान्धवबीच आत्मीयता बढ्नेछ |
| कर्कट | : पढाइलेखाइमा प्रगति हुनेछ | मकर | : कृषि-चौपायाबाट लाभ मिल्नेछ |
| सिंह | : सेवामूलक कामबाट धनलाभ हुनेछ | कुम्भ | : नयाँ काममा सफलता मिल्नेछ |
| कन्या | : स्वास्थ्य कमजोर रहनेछ | मीन | : स्थायी सम्पत्ति जोड्ने समय छ |

# राप्रपाका थोकरलाई सुकौरामा न्यानो स्वागत, जीतका लागि दिए शुभकामना

साझाकुरा संवाददाता

हेटौंडा, २० माघ/ मकवानपुरको मकवानपुरगढी-७ सुकौरामा राष्ट्रिय प्रजातन्त्र पार्टी (राप्रपा) का तर्फबाट मकवानपुर क्षेत्र नम्बर २ का उम्मेदवार रामबहादुर थोकरलाई स्थानीय मतदाताले न्यानो स्वागत गरेका छन् ।

कुनै समय राप्रपाको बलियो आधार इलाका रुपमा चिनिँदै आएको सुकौरामा थोकरले चुनावी अभियानअन्तर्गत घरदैलो तथा प्रत्यक्ष भेटघाट कार्यक्रम सञ्चालन गर्दै मतदातासँग भलाकुसारी गरे । २१ फागुनमा हुन गइरहेको प्रतिनिधिसभा निर्वाचनलाई लक्षित गर्दै उनले दैनिकजसो गाउँटोल र बस्तीमा पुगेर मतदाताको घरआँगनमै समय बिताइ रहेका छन्, जहाँ उनले जनताका गुनासा, अपेक्षा र सुझाव ध्यानपूर्वक सुन्दै आएका छन् । चुनावी अभियानको क्रममा उनले थाहा नगर पालिका वडा नम्बर ७ देउराली भञ्ज्याङ, थाहा नगरपालिका-२ पालुङ, थाहानगर-११ टिष्टुङ तथा नौखण्डे क्षेत्रका विभिन्न स्थानमा पुगेर स्थानीय मतदातासँग भेटघाट तथा छलफल गरेका थिए ।

यसअघि उनी हेटौंडा उपमहानगरपालिका-१९, मकवानपुर गढी गाउँपालिका-५ र मनहरी गाउँपालिका-९ का विभिन्न स्थानमा पनि घरदैलो अभियानमा सहभागी भइसकेका छन् । यी सबै स्थानमा उनले मतदातासँग प्रत्यक्ष संवाद गर्दै राजनीतिक दृष्टिकोण, भावी योजना र निर्वाचनपछि गर्ने कामबारे धारणा राखेका छन् । उम्मेदवार थोकरका निर्वाचन सचिवालयका अनुसार, उनले मतदातामाझ राष्ट्र, राष्ट्रियता र राजसंस्थाको संरक्षणका लागि राष्ट्रिय प्रजातन्त्र पार्टीलाई मतदिन आग्रह गरिरहेका छन् ।



राष्ट्रियताको जगेर्ना र संरक्षणका लागि राप्रपालाई विजयी गराउन आवश्यक रहेकोमा जोड दिँदै उनले मतदाताको घरआँगनमै पुगेर समर्थनको अपिल गरिरहेका छन् ।

घरदैलो कार्यक्रमलाई उनले केवल प्रचारको माध्यममात्र नभई जनताको आवाज प्रत्यक्षरुपमा बुझ्ने अवसरका रुपमा लिएको सचिवालयले जनाएको छ । घर दैलोका क्रममा उनले मतदातासँग संवाद गर्दै आफ्नो राजनीतिक धारणा, भावी योजना र प्रतिबद्धता प्रस्तुत गरिरहेका छन् । जनताको विश्वास जित्ने र आफू पनि जनताका लागि भरोसायोग्य प्रतिनिधि बन्ने उद्देश्यका साथ उनले यस अभियानलाई आफ्नो चुनावी रणनीतिको मुख्य आधार बनाएका छन् । स्थानीय मतदाताले पनि समस्या र अपेक्षा प्रत्यक्ष रुपमा उम्मेद्वारसमक्ष राख्न पाउँदा सकारात्मक प्रतिक्रिया दिएका छन् ।

मकवानपुरको कैलाश गाउँपालिका-१०, साविक नामटार गाविस मऱ्याङकोटमा जन्मिएका थोकर विद्यार्थी जीवनदेखि नै राजनीतिमा सक्रिय रहँदै आएका अनुभवी र परिपक्व व्यक्तित्व हुन् । लामो समयदेखि राजनीतिक यात्रामा रहेका उनले विभिन्न उतारचढावको अनुभव सँगालेका छन् । यही अनुभवका आधारमा उनी मकवानपुर क्षेत्र नम्बर २ का मतदातामाझ आफूलाई जिम्मेवार, परिपक्व र जनउत्तरदायी उम्मेद्वारका रुपमा प्रस्तुत गरिरहेका छन् । उनले जनताको जीवनशैलीमा सकारात्मक परिवर्तन ल्याउँदै समग्र विकासको दिशामा मुलुकलाई अघि बढाउने उद्देश्यले उम्मेदवारी दिएको बताउँदै आएका छन् ।

थोकरले पछिल्लो समय नेपालमा देखिएको 'जेनजी'पुस्ताको आन्दोलन, त्यसले उठाएका सवाल र व्यक्त गरेको चाहना तथा भावनालाई आत्मसात् गर्ने प्रयास गरिरहेको पनि बताएका छन् । विकास, सुशासन र भ्रष्टाचार अन्त्यलाई प्रमुख एजेन्डा बनाएर संसदमा प्रभावकारी भूमिका खेल्ने आकांक्षासहित उनी चुनावीमैदानमा उत्रिएका हुन् । यही प्रतिबद्धताका साथ उनी मतदातासँग निरन्तर सीधा संवाद गर्दै आफ्नो चुनावी अभियानलाई थप सशक्त बनाउँदै अघि बढिरहेका छन् ।

# थाहामा लागूऔषध दुर्व्यसन न्यूनीकरण कार्यक्रम



साझाकुरा संवाददाता

हेटौंडा, २० माघ/ मकवानपुर जिल्लामा लागूऔषध दुर्व्यसन बढ्दो सार्वजनिक स्वास्थ्य र सामाजिक चुनौतीका रुपमा देखिँदै गएको सन्दर्भमा त्यसको दीर्घकालीन समाधानका लागि तीन महिनासम्म सञ्चालन हुने लागूऔषधविरुद्धको एकीकृत अभियान औपचारिकरुपमा सुरु गरिएको छ ।

जिल्ला प्रशासन कार्यालय मकवानपुरको आयोजनामा तथा सिआन पुनर्स्थापना केन्द्रको व्यवस्थापनमा सञ्चालन भएको अभियानले जिल्लामा रोकथाम, उपचार, पुनर्स्थापना र सामाजिक पुन:एकीकरणलाई एकै साझा ढाँचामा जोड्दै अघि बढाउने लक्ष्य लिएको छ । यसलाई जिल्लाको इतिहासमै बहुआयामिक र समन्वयात्मक अभियानकारुपमा हेरिएको छ । अभियानको पहिलो कार्यक्रम थाहा नगरमा सम्पन्न भएको छ । पालिकास्तरीय समन्वय बैठक आयोजना गरिएको थियो, जसको प्रमुख अतिथि थाहा नगरप्रमुख विष्णु विष्ट रहेका थिए । विशेषअतिथि नगरउपप्रमुख भरत गोपाली र प्रमुख प्रशासकीय अधिकृत निरज पौडेल रहेका थिए ।

बैठकमा कार्यपालिका सदस्यहरु, जनप्रतिनिधि, रिकभारिङ नेपाल महासंघ, सुरक्षा निकाय र सरोकारवालाको सहभागिता थियो । छलफलमा जिल्लामा लागूऔषध प्रयोगकर्ताको वर्तमान अवस्था, विद्यमान चुनौती र समाधानका उपायबारे गम्भीर विमर्श गरिएको थियो । २०७६ सालमा गृह मन्त्रालयद्वारा स्थानीय तहलाई जारी गरिएको कार्यान्वयन निर्देशन प्रभावकारीरुपमा लागू गर्नुपर्ने विषयमा ध्यानाकर्षण गराइएको थियो । थाहा नगरपालिकाभित्र अभियान अन्तर्गत तीन फरक कार्यक्रम सञ्चालन गरिएका छन् ।

जनकल्याण माध्यमिक विद्यालयमा कक्षा ८, ९ र १० का १ सय ३० जना विद्यार्थीको सहभागितामा लागूऔषधको दुष्प्रभावबारे जनचेतनामूलक कार्यक्रम गरिएको थियो । विद्यालय सचेतना कार्यक्रमको प्रमुखअतिथि थाहा नगर पालिका-३ का कार्यवाहक वडाअध्यक्ष कृष्णकुमार कार्की रहेका थिए भने विशेषअतिथि विद्यालयका प्रधानाध्यापक रहेका थिए । कार्यक्रममा इलाका प्रहरी कार्यालय पालुङका प्रहरी हवल्दार, रिकभारिङ नेपाल महासंघका प्रतिनिधि, विद्यालयका शिक्षकको सहभागिता थियो ।

यसैक्रममा नगरप्रहरीको समन्वयमा नगरपालिकाको प्रवेशद्वार नजिकै होर्डिङ बोर्ड स्थापना गरिएको छ भने थाहानगरका मुख्य सार्वजनिक स्थल दोबाटो, बसपार्क तथा बजारक्षेत्रमा सूचनामूलक पम्प्लेट वितरण गरिएको थियो । अभियानमा थाहा नगरका जनप्रतिनिधि, महाशाखा/शाखा प्रमुख, रिकभरीङ नेपाल महासंघ, नेपाल प्रहरी, थाहा नगरप्रहरी, विद्यालय, सामाजिक अगुवा तथा सिआन पुनर्स्थापना केन्द्रका प्रतिनिधिको सक्रिय सहभागिता रहेको थियो । आगामी तीन महिनाभर जिल्लाभर विद्यालय तथा क्याम्पस सचेतना कार्यक्रम, युवासंवाद, समुदाय आधारित अन्तरक्रिया, सडकनाटक, अभिभावक परामर्श, घरदैलो अभियान, हेल्प डेस्क सञ्चालन तथा उपचार पुनर्स्थापनासम्बन्धी सेवा प्रदान गरिने जनाइएको छ ।

सिआन पुनर्स्थापना केन्द्रले पुरुष र महिलाका लागि छुट्टाछुट्टै पुनर्स्थापना सेवा सञ्चालन गर्दै आएको अनुभव र दक्षतालाई प्रयोग गरी अभियानलाई अझ प्रभावकारी बनाउने प्रतिबद्धता व्यक्त गरेको छ । अभियानको समापनमा आयोजकले 'सचेत नागरिक, सुरक्षित समाज' निर्माणका लागि लागूऔषधविरुद्धको लडाइँ सामूहिक जिम्मेवारी हो भन्ने सन्देश सहित सबै नागरिक, स्थानीय सरकार, शैक्षिक संस्था, सञ्चारकर्मी तथा नागरिक समाजलाई सक्रिय सहभागिताका लागि आह्वान गरेका छन् ।

# नेपाली समाजको....

यस्तै प्रदेशगतरुपमा सबैभन्दा बढी साक्षरतादर बागमतीमा ८१.१ र सबैभन्दा कम मधेस प्रदेशमा ६३.५ प्रतिशत रहेको छ । जिल्लागतरुपमा सबैभन्दा बढी काठमाडौंमा ८९.२३ र कम रौतहटमा ५७.७५ प्रतिशत रहेको छ । निर्वाचन क्षेत्रअनुसार विश्लेषण गर्ने हो भने मुलुकका १६५ निर्वाचन क्षेत्रमध्ये सबैभन्दा बढी साक्षरतादर हुने तीन निर्वाचन क्षेत्रमा काठमाडौं १, रुपन्देही २ र काठमाडौं ५ र हेका छन् र यी क्षेत्रहरुको साक्षरता प्रतिशत क्रमश: ९२.९, ९१.४ र ९०.९ रहेको छ ।

देशको राज्यसत्तामा पुगेका शाककहरु धन कमाउन र धन आर्जन गर्न उद्यत रहँदा मुलुकको गरिबी घट्ने कुरै भएन । राष्ट्रिय तथ्याङ्क कार्यालयले सार्वजनिक गरेको पछिल्लो गरिबीको नतिजा अनुसार नेपालमा गरिबीको रेखामुनिको जनसंख्या २०.२७ प्रतिशत रहेको छ, अर्थात् झन्डै ६० लाख जनसंख्या गरिबीको रेखामुनि रहेका छन् । क्षेत्रगतरुपमा हेर्दा ग्रामीण क्षेत्रमा २४.६६ प्रतिशत र शहरी क्षेत्रमा १८.३४ प्रतिशत जनसंख्या गरिबीको रेखामुनि छन् । ग्रामीण क्षेत्रको तुलनामा शहरी क्षेत्रमा उपभोगमा बढी असमानता देखिन्छ । आर्थिक वर्ष २०८५-०८६ सम्ममा १६ औं पञ्चवर्षीय योजनाले देशमा गरिबीको रेखामुनि रहेको

जनसंख्यालाई १२ प्रतिशतमा झार्ने लक्ष्य राखेको छ, तर यो कागजी पुलिन्दा मात्रै हो, जुन कार्ययोजना असम्भव छ । प्रदेशगतरुपमा गरिबीको दर हेर्दा सुदूरपश्चिम प्रदेशमा सबैभन्दा बढी ३४.१६ प्रतिशत जनसंख्या गरिबीको रेखामुनि रहेका छन् भने सबैभन्दा कम गण्डकी प्रदेशमा ११.८८ प्रतिशत छ । अन्य पाँच प्रदेशको हकमा कोशी १७.१९, मधेस २२.५३, बागमती १२.५९, लुम्बिनी २४.३५ र कर्णाली प्रदेशमा २६.६९ प्रतिशत जनसंख्या गरिबीको रेखामुनि रहेका छन् । मधेस प्रदेशमा सबैभन्दा बढी गरिबीको जनसंख्या रहेको छ । प्रदेशको ग्रामीण र शहरी क्षेत्रअनुसार गरिबीको विश्लेषण गर्दा सबैभन्दा बढी गरिबीको दर सुदूरपश्चिम प्रदेशको ग्रामीण क्षेत्रमा ४०.२१ प्रतिशत छ र सबैभन्दा कम काठमाडौं उपत्यकाको शहरी क्षेत्रमा ७.३८ प्रतिशत छ ।

देशमा कहाली लाग्दो रुपमा बढ्दो बेरोजगारी आफैंमा समस्या र चुनौती बनेर उभिएको छ । नेपाली श्रमशक्ति सर्वेक्षण २०७४-०७५ अनुसार १५ वर्ष वा सोभन्दा माथिको काम गर्ने उमेरको जनसंख्यामा रोजगारी जनसंख्याको अनुपात ३४.२ प्रतिशत एवं श्रमशक्ति सहभागिता दर ३८.५ प्रतिशत र बेरोजगारी दर १.४ प्रतिशत रहेको छ । यस्तै नेपाल जीवनस्तर सर्वेक्षणअनुसार बेरोजगारी दर १२.६ प्रतिशत रहेको छ । प्रदेशगत आधारमा हेर्दा कर्णाली प्रदेशमा सबैभन्दा बढी २३.८ प्रतिशत तथा सबैभन्दा कम मधेस प्रदेशमा ५.५ प्रतिशत रहेको देखिन्छ । नेपाल सरकारले प्रस्तुत गरेको १६ औं पञ्चवर्षीय योजनाले आव २०८५-०८६ सम्ममा देशको बेरोजगारी दरलाई ५ प्रतिशतमा झार्ने लक्ष्य राखेको छ, तर यसप्रति आम जनताको अलिकति पनि विश्वास, भरोसा र आशा पलाएको देखिँदैन ।

देशमा रोजगारको दर किन पनि घट्दो रुपमा छ भने, उदारहणको लागि देशलाई औषधिमा आत्मनिर्भर बनाउने उद्देश्यका साथ वि.सं. २०२८ मा श्री ५ महेन्द्रद्वारा शाही औषधि लिमिटेडको परिकल्पना गरिएको थियो, तर श्री ५ को अकल्पनीय निधन भएको कारण २०२९ सालमा श्री ५ वीरेन्द्रद्वारा शाही औषधि लिमिटेडको स्थापना भयो । बबरमहलमा कार्यालय रहेको यस संस्थाले १४६ प्रकारका औषधि उत्पादन गर्ने लक्ष्य राखेको भए पनि १२० प्रकारका औषधिहरु उत्पादन गर्दै आएको थियो । यस संस्थाबाट उत्पादित औषधिको माग सार्क मुलुकहरुमा समेत रहेको थियो ।

त्यति बेला त्यहाँ काम गर्ने कर्मचारीलाई बिहान र दिउँसो गरी दुई सिफ्टमा राखिएको थियो र कर्मचारीको पोशाक सेतो सर्ट र नीलो पाइन्ट प्रयोगमा थियो । त्यस लिमिटेडमा सामान्य लेखपढ हुँदै एसएलसी पासदेखि सम्बन्धित विषयमा स्नातकोत्तर उपाधि प्राप्त कर्मचारीहरु कार्यरत रहन्थे । प्रत्येक सिफ्टबाट काम सकेर कर्मचारी बाहिर निस्कँदा बबरमहल क्षेत्र ढाकिएको देखिन्थ्यो, तर आज कहाँ गयो त्यो भीमकाय जनशक्ति ? तत्कालको जनशक्तिलाई पाँच गुना बढाएर देशमा व्यापक रोजगारको सिर्जना गर्नुपर्ने होइन ? तर २०४६ सालको परिवर्तनपछिको सरकारले राजनीतिक दलका झोले कार्यकर्तालाई भर्ती केन्द्र बनाउन थालेपछि अहिले आएर शाही औषधि लिमिटेडजस्तो गौरवशाली संस्था धराशायी भएको छ ।

आज यस संस्थाले देशको लागि चाहिने सिटामोलसमेत उत्पादन गर्न नसकेको अवस्था छ । अर्को विडम्बनाको कुरा, वि.सं. २०५९ देखि २०८१ सम्म यो २३ वर्षको अवधिमा रोजगारको अवसर खोज्न ५२ हजार २५५ नेपाली नर्स विदेश पलायन भएका छन् । कामको सिलसिलामा उनीहरु विदेशिएका छन्, जबकि देशमा नर्सिङ जनशक्तिको अभाव रहेको छ । आफ्नै देशमा रहेर काम गर्ने सपना सबैको हुन्छ, तर देशमा नालायकी सरकार हुँदा नेपाली नागरिकले सधैं यस्तै पीडा भोग्नुपरिरहेको छ ।

देशको विकासको मापन आधार भनेको मानव विकास सूचकाङ्कको वृद्धि दर पनि हो, जसले प्रतिव्यक्ति राष्ट्रिय आयमा सन्तुलित बल पुऱ्याउँछ ।

संयुक्त राष्ट्रसंघले सन् २०२५ मा सार्वजनिक गरेको विश्वव्यापी मानव विकास प्रतिवेदन अनुसार नेपालको मानव विकास सूचकाङ्क ०.६२२ प्रतिशत अङ्क रहेको छ र यसलाई मध्यमस्तरको सूचकाङ्क मानिन्छ । मानव विकास सूचकाङ्कको मापन तयार गर्दा उत्तम, मध्यम र न्यून स्तरबाट वर्गीकरण गरिन्छ । यस मानव विकास सूचकाङ्कमा समावेश भएका विश्वका १९३ राष्ट्रमध्ये नेपाल १४५ औं स्थानमा रहेको छ । नेपालको मानव विकास सूचकाङ्क वृद्धिमा विगतका तीन वर्षलाई हेर्दा सन् २००० मा ०.४७१, सन् २०२१ मा ०.५९६ र सन् २०२२ मा ०.६०५ प्रतिशत अङ्क रहेको थियो ।

*(साभार: न्यूज अफ नेपाल)*

# भोजसिद्ध माविले स्वर्णजयन्ती मनाउने

साझाकुरा संवाददाता

हेटौंडा, २० माघ/ मक्वानपुरको मनहरी गाउँपालिका-५ मा रहेको भोजसिद्ध माध्यमिक विद्यालयले स्थापना भएको ५० वर्ष पूरा गरेको अवसरमा स्वर्णजयन्ती मनाउने भएको छ । विद्यालयले आगामी फागुन ७ गतेदेखि ९ गतेसम्म विविध शैक्षिक, खेलकुद तथा सांस्कृतिक कार्यक्रमसहित स्वर्णजयन्ती मनाउन लागेको हो ।

स्वर्णजयन्तीलाई भव्य र अर्थपूर्ण बनाउने उद्देश्यले मनहरी गाउँपालिकास्तरीय शिक्षक भलिबल प्रतियोगिता, छात्र भलिबल प्रतियोगिता, सांस्कृतिक कार्यक्रम तथा वक्तृत्वकला प्रतियोगिता आयोजना गरिनेछ । खुला म्याराथन प्रतियोगिता, अभिभावक घ्याम्पो फुटाइ प्रतियोगिता, रक्तदान तथा स्वास्थ्य शिविर कार्यक्रम समावेश गरिएको मनहरी गाउँपालिका-५ का वडाअध्यक्ष दीपेन्द्र अधिकारीले जानकारी दिए । स्वर्णजयन्तीको अवसरमा विद्यालय परिसरमा स्वर्ण स्तम्भ निर्माण गरिनुका साथै विद्यालयको इतिहास, उपलब्धि र योगदान समेटिएको स्मारिका प्रकाशन गर्ने तयारी गरिएको छ ।

स्वर्णजयन्ती समारोहका प्रचारप्रसार उपसमितिका संयोजक उमेश अधिकारीले विद्यालयको शैक्षिकयात्रामा योगदान पुऱ्याउने सबै शिक्षक, विद्यार्थी, अभिभावक, पूर्वविद्यार्थी तथा स्थानीय समुदायलाई कार्यक्रममा सक्रिय सहभागिताका लागि आग्रह गरेका छन् । विद्यालयले आधा शताब्दी लामो शैक्षिकयात्रालाई स्मरण गर्दै आगामी दिनमा गुणस्तरीय शिक्षा र समग्र शैक्षिक विकासमा अझ प्रभावकारी भूमिका निर्वाह गर्ने विश्वास व्यक्त गरिएको छ ।

# प्राधिकरणमा दर्ता नभए सहकारीको कारोबार रोकिने, हालसम्म ३२ सयलाई अनुमति

काठमाडौं/राष्ट्रिय सहकारी प्राधिकरणमा दर्ता नहुने बचत तथा ऋण सहकारीको कारोबार रोक्कादेखि दर्तासमेत खारेज हुने भएको छ । नियमन निकायमा दर्ता नभएको संस्थाको दर्ता खारेजसम्म गर्ने तयारीमा प्राधिकरण पुगेको हो । प्राधिकरणले १० असोज २०८२ मा बचत तथा ऋणको मुख्य कारोबार गर्ने सहकारी संस्थाको दर्ता अभिलेखीकरण सम्बन्धी मापदण्ड जारी गरेको थियो ।

सोही अनुसार प्राधिकरणले बचत तथा ऋण सहकारी संस्थालाई दर्ताका लागि आह्वान गरेको करिब तीन महिना बितिसकेको छ । यो अवधिमा ३ हजार २ सय बचत तथा ऋण सहकारी मात्र प्राधिकरणमा दर्ता हुन आएका छन् । प्राधिकरणले दर्ताका लागि १० माघसम्म म्याद दिएको थियो । उक्त अवधि समाप्त हुँदासम्म सहकारी संस्थाहरूले चासो नदेखाएपछि प्राधिकरणले पुन: ११ फागुनसम्म म्याद थपेको छ ।

प्राधिकरणमा दर्ता हुन गए नियामकीय मापदण्ड पूरा गर्नुपर्ने तथा आफ्नो कारोबारको सम्पूर्ण जानकारी दिनुपर्ने भएकाले पनि धेरै सहकारी दर्ता हुन नसकेको एक सहकारी अभियन्ताले बताए । 'संस्थाभित्र भएका गलत गतिविधि लुकाउन सकिने अवस्था नहुने भएपछि प्राधिकरणमा किन जान्छन ?,' ती अभियन्ताले भने, 'प्राधिकरणमा सबै संस्था इमानदार भएर दर्ता हुन आएको खण्डमा एक तिहाइ बचत तथा ऋण सहकारी संस्थामा समस्या छ, त्यो बाहिर आउँथ्यो, बचतकर्ताको बचत सुरक्षित हुन्थ्यो भन्ने छ ।'

दर्ता आह्वान गरेको करिब ३ महिना अवधिमा ३ हजार २ सय बचत तथा ऋण सहकारी संस्था दर्ता हुन आएको प्राधिकरणका सूचना अधिकारी केशवराज भट्टराईले बताए । 'तोकिएको समयमा दर्ता हुन नआउने मुख्य बचत तथा ऋणको कारोबार गर्ने सहकारी संस्थालाई अप्ठ्यारो हुन्छ,' उनले भने, 'कुल ३२ हजार सहकारी संस्था छन् भन्ने रेकर्ड छ, त्यसमा करिब-करिब १५ हजार जति आउलान् भन्ने अनुमान छ ।'

तर, प्राधिकरणले दर्ताका लागि बोलाए पनि नियम पालना गर्नुपर्ने तथा कमी कमजोरी बाहिर आउन सक्ने जोखिमका कारण सहकारी उत्साहित नभएको देखिन्छ । सहकारी ऐन २०७४ बमोजिम बचत तथा ऋणको मुख्य कारोबार गर्ने बचत तथा ऋण, कृषि, बहुउद्देश्यीय लगायत सहकारी संस्था दर्ता तथा वर्गीकरण गर्ने जिम्मेवारी राष्ट्रिय सहकारी नियमन प्राधिकरणलाई तोकिएको छ ।

उक्त प्रयोजनका लागि प्राधिकरणबाट १० असोजमा बचत तथा ऋणको मुख्य कारोबार गर्ने सहकारी संस्था दर्ता अभिलेखीकरण सम्बन्धी मापदण्ड (संशोधन सहित) जारी भई १० मंसिरदेखि दर्ता तथा अभिलेखीकरण सम्बन्धी सफ्टवेयर कार्यान्वयनमा ल्याई इजाजत दिन सुरु गरिएको थियो ।

त्यसैले प्राधिकरणबाट इजाजतपत्र नलिई बचत तथा ऋण कारोबार गरे धितो रोक्का तथा दृष्टिबन्धक गर्ने कार्यमा असहयोग हुने मापदण्डमा उल्लेख छ ।

*(स्रोत: अनलाइनखबर)*

ब्लु हेवन टेलर्स सरेको सूचना

हेटौंडा बुद्धचोक मेनरोडमा रहेर यहाँहरुको सेवामा लामो समयदेखि समर्पित यस ब्लु हेवन टेलर्स कान्तिराजपथस्थित शाक्य प्लाजा भवनमा सरेको सम्पूर्णमा जानकारी गराउँदछौं ।

ब्लु हेवन टेलर्स्
हेटौंडा-२, कान्तिराजपथ
९८४५०२२९८१

# 'अब भाषण होइन, काम गर्ने नेतृत्व चाहिन्छ'

साझाकुरा संवाददाता

हेटौंडा, २० माघ/ नेपाली कम्युनिष्ट पार्टीले मकवानपुर गढी गाउँपालिकाको विभिन्न वडामा आयोजना गरेको अगुवा कार्यकर्ता भेला तथा निर्वाचन प्रचारप्रसार कार्यालय उद्घाटन गरेको छ ।

कार्यक्रममा स्थानीय मतदाताको उल्लेखनीय सहभागिता देखिएको थियो । मकवानपुरगढी गाउँपालिका-४ कालिखोलामा बिक्रम योन्जनको अध्यक्षतामा सम्पन्न कार्यक्रममा राजकुमार खड्काले मतदातामा तारामा मतदान गर्ने जनलहर आएको बताए । गढी गाउँपालिका-२ को बासपानी कुर्लेमा गंगा थापाको अध्यक्षतामा र गाउँपालिका-१ आपधापमा बिकलाल लामाको अध्यक्षतामा कार्यक्रम सम्पन्न गरिएको हो । कार्यक्रममा सहभागी मतदाताले युवा उम्मेदवार बिजय गौतमलाई चुनावचिन्ह 'तारा'मा मतदान गरी जिताउने प्रतिबद्धता व्यक्त गरे ।



सहभागीले एमाले र कांग्रेसका पुराना नेताले बर्षौंदेखि आश्वासन मात्रै बाँडेको आरोप लगाउँदै अब व्यवहारमा काम गर्ने युवालाई अवसर दिनुपर्ने बताएका थिए । धेरैले गौतमलाई व्यक्तिगत रुपमा सक्षम र भरोसायोग्य उम्मेदवार भएको प्रतिक्रिया दिएका थिए । नेपाली कम्युनिष्ट पार्टीका उम्मेदवार गौतमले अहिलेको चुनाव पुरानो शैलीको राजनीति बदल्ने अवसर भएको बताए । उनले भने, 'जनताले अब भाषण होइन, परिणाम खोजिरहेका छन् । यो क्षेत्रका समस्या तपाईं हामी सबैलाई थाहा छन्, अब ती समस्या समाधान गर्ने जिम्मेवारीबाट कोही पनि पन्छिन पाउँदैन ।'

गौतमले आफू जनताकै बीचबाट आएको उम्मेदवार भएको उल्लेख गर्दै पार्टीको एजेन्डा लिएर घरघरमा पुग्ने अभियानलाई अझ तीव्र बनाइने बताए । 'म कुनै टाढाको नेता होइन, यही माटोमा हुर्किएको तपाईंहरुकै साथी हुँ । तपाईंहरुको भरोसालाई काम र व्यवहारबाट प्रमाणित गर्ने मेरो प्रतिबद्धता हो,' उनले भने । उनले सुशासन, पारदर्शिता र जनउत्तरदायी शासन व्यवस्था आजको मुख्य आवश्यकता भएको उल्लेख गर्दै उत्पीडित वर्ग, पछाडि पारिएका समुदाय र श्रमिक, किसानका पक्षमा नीतिगत परिवर्तनका लागि संघर्ष गर्ने बताए ।

कार्यक्रममा नेपाली कम्युनिष्ट पार्टीका केन्द्रीय सदस्य तथा बागमती प्रदेशसभा सदस्य प्रेमबहादुर पुलामी 'छिन्तु', केन्द्रीय सदस्य प्रल्हाद लामिछाने, केन्द्रीय सदस्य सर्केश घलान र पार्टी मकवानपुर संयोजक भीम पाखिनलगायत नेताले सम्बोधन गर्दै संगठन मजबुत बनाउँदै घरदैलो अभियानलाई प्रभावकारी बनाउनुपर्नेमा जोड दिए ।

नेताले अब समय कम रहेकाले वडावडा, टोलटोल र घरघरमा पुगेर मतदातासँग प्रत्यक्ष संवाद गर्नुपर्ने बताए । कार्यक्रममा देखिएको जनसहभागिताले मकवानपुर गढी क्षेत्रमा गौतमको पक्षमा चुनावी माहोल बलियो बन्दै गएको संकेत गरेको छ ।

के तपाई फोटो कपी प्रिन्टर मेसिन किन्दै हुनुहुन्छ ?

Brother, Canon, HP, Sharp Ricoh, Epson, Kyocera, Lexmark

टोनर रिफिलिङ्ग, प्रिन्टर, कम्प्युटर, फोटोकपी लगायतको सर्भिस छिटो छरितो र भरपर्दो रुपमा गर्नुभई ढुक्क हुनुहोस् ।

Printer Shop
The complete office solution
Contact No. 9845292140, 057-527041, Schoolroad, Hetauda-4
tonerhouse_htd@yahoo.com

# प्रतिनिधिसभा निर्वाचनमा आजदेखि नेपाली सेना परिचालन

साझाकुरा संवाददाता

हेटौंडा, २० माघ/ आगामी फागुन २१ गते हुने प्रतिनिधिसभा निर्वाचनका लागि बुधबारदेखि नेपाली सेना परिचालन हुने भएको छ ।

निर्वाचनपूर्वको सुरक्षा योजनाअनुसार नेपाली सेना फिल्ड गस्तीमा निस्कन लागेको हो । नेपाली सेनाका प्रवक्ता तथा सहायकरथी राजाराम बस्नेतका अनुसार एकीकृत निर्वाचन सुरक्षा योजना २०८२ अनुसार सेना परिचालन हुँदैछ । 'हाम्रोतर्फको सम्पूर्ण तयारी पूरा भएको छ । २१ माघबाट निर्वाचन पूर्वको सुरक्षा रणनीतिअनुसार सेना फिल्डमा खटिन्छ' सहायकरथी बस्नेतले भने । निर्वाचनलक्षित गरेर देशभर ७९ हजार ७२७ सेना खटिँदैछन् । उनीहरुले आवश्यकता अनुसार गस्ती पेट्रोलिङ गर्नेछन् । संवेदनशील क्षेत्र तथा मतदानस्थलको अवस्था हेरेर संयुक्त गस्ती समेत हुने छ ।

'संवेदनशीलताका आधारमा सेनाले गस्ती गर्नेछ । निर्वाचनअधिकृत, नेपाल प्रहरी, सशस्त्र प्रहरीसँगको समन्वयमा तेस्रो घेरामा रहेर सेनाले ड्युटी गर्छ' सहायकरथी बस्नेतले जानकारी दिए । मन्त्रिपरिषद्को सिफारिसमा मंसिर ११ गते राष्ट्रपति रामचन्द्र



पौडेलले सेना परिचालनका लागि स्वीकृति दिएका थिए । त्यसपछि सेनाले एकीकृत निर्वाचन सुरक्षा योजना बनाउने, त्यसअनुसार एकीकृत तालिम तथा अभ्यास गर्ने काम गरेको थियो । असोज ९ गतेको केन्द्रीय सुरक्षा समिति बैठकले गृह मन्त्रालयका सहसचिवको संयोजकत्वमा एकीकृत निर्वाचन सुरक्षा योजना २०८२ तर्जुमा गर्नका लागि कार्यदल गठन गरेको थियो ।

यो कार्यदलले ३० कात्तिकमा गृहमन्त्री ओमप्रकाश अर्याल संयोजक रहेको केन्द्रीय सुरक्षा समितिमा बुझाएको प्रतिवेदन पास भएको थियो । अहिले यही एकीकृत निर्वाचन सुरक्षा योजना अनुसार सेना परिचालनदेखि सुरक्षाका अन्य ड्युटीहरु पनि सुरु भएका छन् । निर्वाचनको अवधिमा सेनाले हवाईगस्ती गर्ने भएको छ । विकट ठाउँ तथा अतिसंवेदनशील क्षेत्रमा सेनाले हवाईगस्ती गर्नेगरी सुरक्षा व्यवस्था मिलाएको छ । निर्वाचनकै अवधि र निर्वाचनपश्चात मतपेटिका ढुवानीको काममा समेत हेलिकप्टरको प्रयोग हुनेगरी व्यवस्था मिलाइएको सहायकरथी बस्नेत बताउँछन् ।

यसका लागि सुर्खेत, पोखरा, काठमाडौं, विराटनगर, इटहरीमा स्ट्याण्डबाई हेलिकप्टरको व्यवस्था मिलाइएको छ । केही भइहालेमा तुरुन्तै जानुपर्ने अवस्थामा हेलिकप्टरमार्फत सेना तत्कालै फिल्डमा पुग्ने बताइएको छ । सडक सञ्जाल नपुगेका ठाउँमा हेलिकप्टर मार्फत् मतपेटिका, मतपत्र ढुवानी सेनाले गर्नेछ । निर्वाचन सकिएपछि यस्ता ठाउँमा हेलिकप्टरमार्फत नै मतपेटिका गणनास्थलसम्म ल्याउने काम सेनाले गर्नेछ । निर्वाचन भाड्न खोज्ने समूहले बमलगायत बिस्फोटकपदार्थ राख्नसक्ने, तर्साउने खोज्ने जस्ता काम हुने भएकाले त्यस्ता वस्तु डिस्पोज गर्न बम डिस्पोजल टोली पनि तैनाथ गरिएको सैनिक मुख्यालयले बताएको छ ।

आगामी निर्वाचनमा ३ लाख ३८ हजारभन्दा बढी सुरक्षाकर्मी परिचालन हुँदैछन् । सेनाका प्रवक्ता बस्नेतकाअनुसार नेपाली सेना मात्रै ७९ हजार ७२७ जना परिचालन हुन्छन् । नेपाल प्रहरीका केन्द्रीय प्रवक्ता तथा डीआईजी अबिनारायण काफ्लेका अनुसार नेपाल प्रहरी ७५ हजार ५९७ जना परिचालन हुनेछन् । प्रहरीमातहत नै रहने गरी १ लाख ३० हजार ९८० निर्वाचन प्रहरी परिचालन हुन्छन् । उनीहरुको अहिले तालिम सुरु भइसकेको छ । ३४ हजार ५७६ सशस्त्र प्रहरी निर्वाचनमा परिचालन हुनेछन् । सशस्त्र प्रहरी मातहत नै रहनेगरी १५ हजार ११० निर्वाचन प्रहरी परिचालन हुन्छन् । त्यस्तै १ हजार ९२१ गुप्तचर परिचालन हुन्छन् । चारैवटा सुरक्षा निकाय र निर्वाचन प्रहरीसमेत गरेर ३ लाख ३३ हजार ९८० सुरक्षाकर्मी निर्वाचनका क्रममा खटिने गृह मन्त्रालयले बताएको छ ।

# मकवानपुर बाल हेल्पलाइनद्वारा ६ बालबालिकाको उद्दार




साझाकुरा संवाददाता

हेटौंडा, २० माघ/बाल हेल्पलाइन मकवानपुरले नारायणगढ-मुग्लिन सडकखण्डमा सञ्चालित होटलमा काम गराइँदै आएका ६ जना बालबालिकाको उद्दार गरेको छ ।

चितवनको इच्छाकामना गाउँपालिका क्षेत्रभित्र पर्ने दुईवटा होटलमा बालबालिका जोखिमपूर्ण अवस्थामा काम गरिरहेको सूचनाका आधारमा अनुगमन गर्दा उनीहरु फेला परेका हुन् । बाल हेल्पलाइन मकवानपुरका प्रमुख झविन्द्र ज्ञवालीका अनुसार बालबालिकाको सुरक्षा र अधिकार सुनिश्चित गर्ने उद्देश्यले अनुगमन तीव्र बनाइएको थियो । माघ १७ गते आइतबार श्रम रोजगार कार्यालय हेटौंडा, स्थानीय प्रहरी तथा समाजसेवीको संयुक्त टोलीले यो सडकखण्डमा रहेका करिब तीनसय होटलको निरीक्षण गरेको थियो ।

अनुगमनका क्रममा दुई होटलमा कार्यरत ६ जना बालबालिका भेटिएपछि तत्काल उद्दार गरिएको हो । उद्दार गरिएका बालबालिकामध्ये ३ जना पर्सा जिल्लाका र बाँकी ३ जना सोही क्षेत्रका रहेका छन् । उनीहरुमा २ जना बालिका र ४ जना बालक रहेका छन् भने उमेर ९ देखि १६ वर्षसम्म रहेको जनाइएको छ । उद्दारपछि ती बालबालिकालाई सुरक्षितरुपमा हेटौंडा ल्याई बाल हेल्पलाइनको संरक्षणमा राखिएको प्रमुख ज्ञवालीले जानकारी दिए । हाल उनीहरुको अवस्था सुरक्षित रहेको र आवश्यक सहयोगको व्यवस्था भइरहेको छ ।

घटनासँग सम्बन्धित होटल सञ्चालक तथा संलग्न व्यक्तिको भूमिकाबारे स्थानीय प्रहरीले थप अनुसन्धान अघि बढाएको छ । प्रारम्भिक अनुसन्धानबाट बाल अधिकार उल्लंघन पुष्टि भएमा कानुनी प्रक्रिया अघि बढाइने जनाइएको छ । बाल हेल्पलाइन मकवानपुरले बालश्रम, दुर्व्यवहार तथा जोखिममा परेका बालबालिकाको संरक्षणका लागि निरन्तर अनुगमन र उद्दार कार्य गर्दै आएको उल्लेख गर्दै यस्ता गतिविधिबारे जानकारी पाएमा तत्काल सम्बन्धित निकायमा खबर गर्न सर्वसाधारणलाई आग्रह गरेको छ ।

# मकवानपुरमा पोथी चितुवा मृतफेला



साझाकुरा संवाददाता

हेटौंडा, २० माघ/ मकवानपुरमा एक चितुवा मृत फेला परेको छ । थाहा नगरपालिका-९ चित्लाङको महालक्ष्मी खोला किनारमा पोथी चितुवा मृतफेला परेको हो ।

इलाका प्रहरी कार्यालय चित्लाङकाअनुसार मृतचितुवा ३९ केजी तौलको छ । एक सय ७० सेन्टिमिटर लामो चितुवा करिब ४ वर्षको भएको अनुमान गरिएको छ । मुखबाट रगत बगेको अवस्थामा भेटिएको चितुवाको मृत्युको कारण खुलेको छैन ।

चितुवालाई मार्गिन सामुदायिक वन उपभोक्ता समूह, स्थानीय जनप्रतिनिधिलगायतको रोहवरमा चित्लाङस्थित गोदाम चौरमा व्यवस्थापन गरेको जिल्ला प्रहरी कार्यालय मकवानपुरले जनाएको छ ।

# भाषणमा होइन, काममा विश्वास गर्छु: लवशेर विष्ट

साझाकुरा संवाददाता

हेटौंडा, २० माघ/ नेपाली कम्युनिस्ट पार्टी मकवानपुर २ नम्बर निर्वाचन क्षेत्रका उम्मेदवार लवशेर विष्टले आफू भाषणमा होइन, काममा विश्वास गर्ने नेता भएको बताएका छन् ।

नेपाली कम्युनिस्ट पार्टी (नेकपा) कैलाश गाउँपालिका कमिटीको विस्तारित बैठकलाई मंगलबार कालिकाटारमा सम्बोधन गर्दै विष्टले भने, 'बोलेर होइन, काम गरेर देखाउँछु । जनताको अपेक्षा पूरा गर्नु मेरो जिम्मेवारी हो ।' विष्टले जनजीविकाको सवाल, रोजगारी, विकास र सुशासनलाई प्राथमिकतामा राखेर काम गर्ने प्रतिबद्धता व्यक्त गरे । उनले पार्टीप्रति जनताको भरोसा अझ बलियो बनाउन सबै नेता कार्यकर्तालाई एकताबद्ध भएर लाग्न आग्रह गरे । बैठकमा पार्टीको आगामी निर्वाचन रणनीति, संगठन सुदृढीकरण र जनतासँगको सम्बन्ध थप मजबुत बनाउने विषयमा छलफल भएको थियो ।




कार्यक्रममा प्रमुखअतिथि नेकपाकी केन्द्रीय सदस्य तथा निर्वाचन परिचालन कमिटी संयोजक कुमारी मोक्तानले देश र जनताको हितमा काम गर्ने एकमात्र पार्टी नेपाली कम्युनिस्ट पार्टी भएको दाबी गरिन् । उनले देशको समृद्धि र विद्यमान अस्थिरतालाई सही दिशामा लैजान नेकपाले मात्र नेतृत्व दिन सक्ने बताइन् । 'नयाँ र पुरानो पार्टीको बहस होइन, विचार र समाजवादतर्फ देशलाई अघि बढाउने सवाल मुख्य हो, र त्यो क्षमता हाम्रो पार्टीसँग मात्र छ,' मोक्तानले भनिन् । कार्यक्रममा नेकपाका केन्द्रीय सदस्य किशोर बर्तौलाले विष्टले सबैभन्दा योग्य र काम गरेर देखाइसकेको उम्मेदवारका रुपमा परिचित रहेको बताए ।

नेकपाका प्रदेश कमिटी सदस्य कमल अर्याल, समानुपातिक उम्मेदवार मंगलसिं प्रजा, प्रदेश कमिटी सदस्य बालकुमार मल्लले पार्टीको नीति, कार्यक्रम र उम्मेदवारको पक्षमा धारणा राखेका थिए । गाउकमिटी संयोजक रवीन्द्र थिङको सभाध्यक्षतामा भएको बैठकमा नेकपा प्रदेश कमिटी सदस्य सीता पुलामी मगर, ठाकुरसिं थिङ लगायत पालिका नेता सहभागी थिए । विस्तारित बैठकले आगामी निर्वाचनमा विष्टलाई विजयी बनाउन संगठनलाई थप सक्रिय बनाई जनपरिचालन तीब्र बनाउने निर्णय गरेको पार्टीका कैलाश सचिव सुरेश घिमिरेले बताए ।

# कांग्रेस नवीन सोचका साथ निर्वाचनमा आएको छ: कांग्रेसनेतृ डीना

साझाकुरा संवाददाता

हेटौंडा, २० माघ/ नेपाली कांग्रेस मकवानपुरले आसन्न प्रतिनिधिसभा निर्वाचनलाई लक्षित गरी सम्पर्क कार्यालय स्थापना र अगुवा कार्यकर्ता भेटघाट गरेको छ ।

कार्यकर्ता परिचालनसँगै मतदाताको घरघरसम्म पुग्न वडा तहको कार्यक्रमलाई काग्रेसले तीव्रता दिएको हो । यसैक्रममा सोमबार हेटौंडा उपमहानगरको वडा नम्बर १६, १७ र १८ मा कार्यकर्ता भेटघाट तथा सम्पर्क कार्यालय स्थापना गरिएको हो ।



कार्यक्रममा कांग्रेसका निवर्तमान सहमहामन्त्री महालक्ष्मी उपाध्यायले कांग्रेस नवीन सोच र नेतृत्वका साथ निर्वाचनमा आएको बताइन् । उनले सम्मुन्नत नेपाल निर्माणको संकल्प कांग्रेसले लिएको भन्दै यो क्षमता कांग्रेसमा मात्र रहेको बताइन् ।

हेटौंडा-१७ को गैरीगाउँमा सम्पर्क कार्यालय उद्घाटन गर्दै उनले नीति निर्माणदेखि विकासका लागि प्रतिबद्धता व्यक्त गरिन् । वडासभापति नवराज न्यौपानेको अध्यक्षतामा भएको कार्यक्रममा नेका मकवानपुरका नेता आनन्दराम पराजुली, कृष्णप्रसाद सञ्जेल, घनश्याम नेपाल, संघीय सभापति दामोदर खनाल, कांग्रेसनेतृ रीता खनाललगायतले बोलेका थिए । कार्यक्रममा समानुपातिकतर्फका उम्मेदवार शर्मिला श्रेष्ठ, निर्वाचन परिचालन समितिका संयोजक रामचन्द्र अर्याल माइकल, जिल्ला सचिव भीमसेन महत, सहसचिव ईन्दिरा न्यौपाने, जिल्ला सदस्य तारा राई कार्की, नेपाल तरुण दलका केन्द्रीय सदस्य गोपी दाहाललगायतको उपस्थिति रहेको थियो ।

# नेपाल बन्धु परिषद्को अध्यक्षमा भवनाथ नेपाल




साझाकुरा संवाददाता

हेटौंडा, २० माघ/ नेपाल वंशज परिषद् मकवानपुरको प्रथम अधिवेशन डा टोनी हेगन पार्कमा तदर्थ समितिका अध्यक्ष भवनाथ नेपालको अध्यक्षता एवं नेपाल वंशज परिषद्का केन्द्रीय अध्यक्ष अनिल कुमार उपाध्याय नेपालको प्रमुख अतिथ्यथामा सम्पन्न भएको छ ।

अधिवेशनको उद्घाटन सत्रमा केन्द्रीय अध्यक्ष नेपालले नेपालमा करिब १ लाख जनसंख्या नेपाल वंशजको रहेको र नेपाल पश्चिम दैलेखको दुल्लुबाट बसाइसरी नेपालका विभिन्न ठाउँमा बसोबास गरिरहेको जानकारी गराए । सचिव माधव नेपालले सहजीकरण गरेको जिल्ला अधिवेशनमा स्वागत सहसचिव भरत नेपालले गरेका थिए । सल्लाहकार इन्द्रप्रसाद नेपाल र जेष्ठ नेपालबन्धु कृष्णप्रसाद नेपाललगायतले शुभकामना मन्तव्य व्यक्त गरेका थिए । अधिवेशनले भवनाथको अध्यक्षतामा १९ सदस्य रहेको जिल्ला समिति चयन गरेको छ ।

जसमा उपाध्यक्ष मातृका नेपाल, सचिव माधव नेपाल, सहसचिव भरत नेपाल, कोषाध्यक्ष विकास नेपाल र सदस्यमा सुदर्शन नेपाल, मीनप्रसाद नेपाल, जनार्दन नेपाल, विष्णुप्रसाद नेपाल, राजबाबु नेपाल, शंकर नेपाल, मदनप्रसाद नेपाल, भगीरथ नेपाल (रामजी), रजनी नेपाल, नवराज नेपाल र पुष्पराज नेपाल रहेका छन् । अधिवेशनपश्चात नवनिर्वाचित कमिटीको प्रथम बैठकले केन्द्रीय प्रतिनिधिमा डा. विजय नेपाल र प्रदेश प्रतिनिधिमा डा. नवीन नेपाललाई चयन गरेको छ ।

सल्लाहकारमा इन्द्रप्रसाद नेपाल, कृष्णप्रसाद नेपाल, विश्वनाथ नेपाल र जितेन्द्र नेपाललाई मनोनयन गरेको छ । अधिवेशनले मकनपुरमा रहेका नेपालबन्धुको लगत संकलन गर्ने, कुलपूजामा एकरुपता ल्याई सकेसम्म एकै ठाउँमा गर्ने, ७० वर्ष नाघेका नेपाल बन्धुलाई सम्मान गर्ने र निकट भविष्यमा मैत्रीपूर्ण वनभोज कार्यक्रम आयोजना गर्ने कार्यक्रम तय गरेको छ ।

नेपाल सरकार
**सञ्चार तथा सूचना प्रविधि मन्त्रालय**
हुलाक सेवा विभाग
बबरमहल, काठमाडौं

**"घरघरमा हुलाक, मनमनमा "हुलाक"**

नेपाल हुलाकबाट प्राप्त हुँदै आएका तपशिलमा उल्लेखित सेवाको उपयोग गरी राष्ट्रको समृद्धिमा टेवा पुऱ्याउनुहुन अनुरोध छ ।

**प्रमुख सेवाहरू**

**१.साधारण चिठी पत्र सेवा**

यो सेवा अन्तरगत साधारण पत्र, दृष्टिविहिनले प्रयोग गर्ने साहित्य, बुकपोष्ट, समाचार पत्र, हवाईपत्र, साना पाकेटहरु पर्दछन् ।

**२. रजिष्ट्री सेवा**

* चिठीपत्रलाई नियमानुसार Postal Internal Tracking System (PITS) प्रविष्ट गरी दर्ता चलानी र प्राप्तिको अभिलेख राखेर गरिने सेवा ।
* चिठी पुगे/नपुगेको अवस्था थाहा पाउन Tracking को व्यवस्था ।

**३. पार्सल/पुलिन्दा सेवा**

* २ केजीदेखि २० केजिसम्मको सामान पठाउन सकिने
* हुलाक वस्तुको अवस्था थाहा पाउन Tracking को व्यवस्था ।

**४. टिकट बिक्री सेवा**

* नियमित टिकट बिक्री र फिलाटेलिक सेवा

**५. व्यावसायिक सेवा**

**द्रुत डाँक सेवा (Express mail service EMS)**

* छिटोछरितो, सुरक्षित र भरपर्दो रुपमा चिठीपत्र, कागजात, सामान वा पार्सलहरु पठाउने माध्यम ।
* हुलाक वस्तुको अवस्था थाहा पाउन ट्र्याकिङ (Tracking) को व्यवस्था ।
* हुलाक वस्तुको छिटो ढुवानीको लागि प्राथमिकतामा राखी यसको गहनता बमोजिम स्थल वा हवाई मार्गबाट पठाउने व्यवस्था ।

**एजेन्सी सेवाहरू (प्रत्यायोजित अधिकार अन्तरगतका सेवाहरू)**

१. सूचनाको हक कार्यान्वयनसम्बन्धि अनुगमन ।
२. एफ.एम. रेडियो र केवल (Cable) नवीकरण तथा अनुगमन ।
३. प्रेस प्रतिनिधि पास, अनलाइन पत्रिका, सञ्चारकर्मी परिचयपत्र नविकरण ।
४. पत्रपत्रिका दर्ता तथा अंक प्रमाणितको लागि सिफारिस ।
५. छापा तथा विद्युतीय सञ्चार माध्यमलाई लोक कल्याणकारी विज्ञापन प्रकाशन गरेवापत रकम भुक्तानी र सोको अनुगमन ।

फोन नं. ०१-५३२४११६/११७, Website: www. nepal post.gov.np,
Email ID: admin@nepalpost.gov.np

**पालुङ बहुउद्देश्यीय सहकारी संस्था लि.**
पालुङ, मकवानपुरको

**सदस्यहरूलाई व्याज छुट सहित कर्जा चुक्ता/ नियमित गर्न आउनेबारे अन्यान्त जरूरी सूचाना !**

यस संस्थाबाट कर्जा उपयोग गरी २०८० अषाढ मसान्त अगाडि भाखा नाघी खराव कर्जामा वर्गीकरण भएकाकर्जाहरुलाई व्याज छुट सुविधासहित कर्जा चुक्ता गर्ने अवसर प्रदान गरिएकोले सम्वन्धित कर्जा लिने सदस्यहरुले व्याज छुट सुविधा लिनु भई कर्जा चुक्ता गर्नुहुन सूचित गरिन्छ ।

साथै कर्जाको बुझाउनुपर्ने सम्पूर्ण साँवा, व्याजबुझाई कर्जा नियमितवा राफसाफ गर्ने कर्जा लिने सदस्यहरुलाई पेनाल व्याज र व्याजको व्याजमा सम्पूर्ण छुट दिई, साथै साधारण व्याजमा समेत छुट दिन सकिने व्यवस्था गरिएकोले संस्थाको कार्यालयमा सम्पर्क गरी मिति २०८२ चैत्रमसान्त सम्ममा व्याज छुट सुविधाको लाभ लिनुहुन अनुरोध गर्दछौ ।

Government of Nepal
Ministry of HomeAffairs
**Bagmati province Police Office**
Hetauda

**Invitation for Online Bids**

*Date of First Publication:2082/10/21 (4 FEB. 2026)*

The Bagmati Province Police Office, Hetauda invites electronic bids from registered, eligible, and interested bidders for the procurement of Furniture, furnishing and decoration items Bagmati province (contract identification NO: SQ/BPPO/GOODS/03/2082/083 under Procedures. For more detail eligible and interested bidders may visit and download bid documents from e-GP system at: http:// www.bolpatra.gov.np/egp.

साझाकुरा राष्ट्रिय दैनिकका लागि सविन न्यौपानेद्वारा प्रकाशित, सम्पादक: सरला खनाल, कार्यालय/मुद्रण: हेटौंडा-१ चौकीटोल, फोन नं.: ०५७-५२१११५, E-mail:sajhakura@gmail.com, URL: www.sajhakuranews.com, पोष्ट बक्स नं. २९, मुद्रण: सफल छापाखाना